भ्रष्टाचार अन्त्य भएपछि मुलुक समृद्धिको दिशामा... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १८५ • २०८२ साल मंसिर १८ गते बिहीबार (4 December, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

मुख्यमन्त्री यादवले दिए राजीनामा

# सात दलीय गठबन्धनको कडा आलोचना, अबको मुख्यमन्त्रीमा कांग्रेसको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सरोज कुमार यादवले बुधबार विश्वासको मत नपाउने भएपछि सदनमा राजीनामाको घोषणा गरेका छन् ।

प्रदेशसभाको बैठक बुधबार बिहान साढे ८ बजेका लागि आह्वान गरिए पनि बिहान १० बजेसम्म मुख्यमन्त्री नआएपछि दिउँसो २ बजेसम्मका लागि प्रदेशसभाको बैठकको समय सारिएको थियो ।

मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रयोजनका लागि प्रदेश सभाको बैठक बुधबार दिउँसो डाक्न भने अनुसार नै प्रदेश सभा सचिवालयले डाकेको थियो । प्रदेश सभाको बैठकमा मुख्यमन्त्री यादवले विश्वासको मत लिन जाँदै गर्दा अर्कोतर्फ सात दलीय गठबन्धनका संसदहरु भने सदन छाडेर प्रदेशसभाको चौरमा बसेर घाम ताप्दैं थिए ।

प्रदेश सभा बैठकमा मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिने क्रममा एमाले, राप्रपा र नेपाल संघीय समाजवादी पार्टीका सांसदहरुको उपस्थिति मात्रै थियो ।

सदनमा नेपाली कांग्रेस, जसपा नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोसपा नेपाल, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीका सांसदहरुको उपस्थिति नदेखेपछि मुख्यमन्त्री यादवले उपस्थित नरहेका दलको कडा आलोचना गर्दै मुख्यमन्त्री पदबाट राजीनामा दिएको घोषणा गरेका थिए । कार्तिक २३ गते मध्यराति ठूलो दलको हैसियतमा नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता मुख्यमन्त्री नियुक्त भएका थिए ।

कार्तिक २४ गते बिहान महोत्तरीको बर्दिवासस्थित जंगलमा रहेको पानस होटेलमा शपथ लिएका मुख्यमन्त्री यादवले सर्वोच्च अदालतको परमादेश पछि २४ घण्टा भित्र विश्वासको मत लिन डाकिएको प्रदेश सभा बैठकमा विश्वासको मत पाउने अवस्था नदेखेपछि उनले राजीनामा घोषणा गरेका हुन् । जति दिन मुख्यमन्त्री रहे उनको कार्यकाल निकै विवादित नै रह्यो । उनको कार्यकालमा सात दलीय गबठन्धनको आन्दोलन र सर्वोच्च अदालतको तारेखमै वित्यो । उनी मधेश प्रदेशको मुख्यमन्त्री २२ दिनसम्म रहे ।



तर राजीनामा दिनुपर्नेमा उनी भने पहिलो मुख्यमन्त्री होइनन् । यसअघि जसपा नेपालबाट मुख्यमन्त्री बनेका संसदीय दलका नेता सरोजकुमार यादव, जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सांसद सतीशकुमार सिंह, त्यसपछि लोसपा नेपालबाट मुख्यमन्त्री बनेका सांसद जितेन्द्रप्रसाद सोनल र अहिले आएर एमालेबाट मुख्यमन्त्री रहेका नेता सरोजकुमार यादवले पनि बहुमत आउने अवस्था नदेखेपछि राजीनामा दिएका छन् ।

भदौं २३ गतेको जेन-जी आन्दोलनपछि मधेश प्रदेश सरकारको राजनीति निकै तरल बनेको छ । प्रदेश सभाको दोस्रो कार्यकालको तीनवर्षमा मधेशमा चारवटा प्रदेश सरकार परिवर्तन भइसकेको छ ।

कार्तिक २२ गते विश्वासको मत लिन बसेको सदनमा सत्ता गठबन्धन जनमतका दुई सांसदको अनुपस्थिति र माओवादीका दुई सांसदले मत नदिने भन्दै होहल्ला गरेपछि सोनलले राजीनामा घोषणा गर्नु परेको थियो ।

त्यसपछि संविधानको धारा १६८ को ३ बमोजिम ठूलो दलको हैसियतमा एमालेले आफ्नै पार्टी निकट प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी र सभामुख रामचन्द मण्डलमार्फत असोज २३ गते मध्यरातमा आफ्नो नेतृत्वमा सरकार गठन गरेको थियो ।

प्रदेश प्रमुख भण्डारीले बिरामीको बहाना गरी उपचारको लागि काठमाण्डु जाँदै गर्दा एमालेका नेता सरोजकुमार यादवले उनलाई बर्दिबासको कालापानी जंगलस्थित कटेजमा मुख्यमन्त्री पदको शपथ ग्रहण गराएकी थिइन् । त्यसपछि सातदलीय गठनबन्धनले सडक आन्दोलनसंगै सर्वोच्च अदालतमा असंवैधानिक र अवैधानिक सरकार रहेको भन्दै तत्कालीन प्रदेश प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतका विरुद्धमा मुद्दा दिएका थिए ।

१०७ सदस्यीय मधेश प्रदेशसभामा नेकपा एमालेका २५, कांग्रेसका २२, जसपा नेपालका १९, जनमतका १३, नेकपा माओवादी केन्द्रका ९, लोसपाका ९, नेकपा एकीकृत समाजवादीका ७ सांसद छन् । भने राप्रपा, नागरिक उन्मुक्ति पार्टी र नेपाल संघीय समाजवादीका १/१ सांसद छन् ।

## प्रदेश सरकार गठनका लागि आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सरोजकुमार यादवले राजीनामा दिए पछि मधेश प्रदेशमा प्रदेश प्रमुख डा. सरेन्द्र लाभले नयाँ सरकार गठनका लागि आह्वान गरेका छन् ।

प्रदेश प्रमुख डा. लाभले संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई दाबी पेश गर्न आह्वान गरेका छन् ।

यही शुक्रबार साँझ ५ बजेसम्म दाबी पेश गर्न समय सीमा तोकिएको जनाइएको छ । संविधानको धारा १६८ को उपधारा ३ बमोजिम ठूलो दलको हैसियतमा गठन भएको नेकपा एमाले संसदीय दलको नेता सरोजकुमार यादव नेतृत्वको सरकारले राजीनामा दिएपछि नयाँ सरकार गठनको लागि आह्वान गरिएको छ ।

यता सात दलीय गठबन्धनको तर्फबाट नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादवले मुख्यमन्त्री पदमा दाबी गर्ने आन्तरिक तयारी रहेको स्रोतले जनाएको छ ।

## जाँदाजाँदै नियुक्तिदेखि विवादित निर्णयसम्म

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सरोजकुमार यादवले आफूले विश्वासको मत नपाउने सुनिश्चित रहे पनि अन्तिम समयमा आएर राजीनामा दिनु अघि गुपचुप रुपमा आफ्नो पार्टीको कार्यकर्ताहरुलाई राजनीति नियुक्ति गरेका छन् ।

मुख्यमन्त्री यादवले दलित विकास समितिको उपाध्यक्षमा जितेन्द्र पासवानलाई नियुक्त गरेका छन् ।

उनी जाँदा जाँदै धानको न्यूनतम समर्थन मूल्य तोक्दै विभिन्न शीर्षकमा आर्थिक सहयोग गर्ने, सुख्खा तथा मन्था प्रकोपबाट प्रभावित किसानहरूलाई सम्बन्धित स्थानीय तह मार्फत क्षतिको विवरण संकलन तया प्रमाणीकरण गराइ मधेश प्रदेश सरकारको राहत प्रतिकट्टा १ हजार ५ सय रुपैयाँका दरले स्थानीय तह मार्फत उपलब्ध गराउन अर्थ मन्त्रालयले बजेट व्यवस्थापन गर्ने, स्नातक तह उत्तीर्ण गरी बेरोजगार रहेका युवाहरूलाई मासिक २ हजार रुपैयाँका दरले जीवन निर्वाह (बेरोजगार) भत्ता उपलब्ध गराउने, दलित तथा मुस्लिम समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न स्नातकोतर अध्ययन गर्न प्रति विद्यार्थी एक लाख रुपैयाँका दरले छात्रवृत्ति उपलब्ध गराइने, दलित तथा सीमान्तकृत समुदायले विशेष श्रद्धा र भक्तिका साथ मनाउने 'रवि दास जयन्ती'को अवसरमा आउँदो माघ पूर्णिमाका दिन सार्वजनिक विदा दिने, विविध कारणले बन्द रहेका उद्योग कलकारखानाहरूलाई पुनरुत्थान गरी प्रदेशमा रोजगारी अभिवृद्धि र आर्थिक गतिविधि चलायमान बनाउन आवश्यक पर्ने पूँजी व्यवस्थापनका लागि नेपाल सरकारसंग अनुरोध गर्ने, मदरसा शिक्षा बोर्ड सम्बन्धी विधेयक तर्जुमा गर्न शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशलाई सैद्धान्तिक स्वीकृति प्रदानलगायतका महत्वपूर्ण निर्णयहरु गरेका छन् ।

मदरसा शिक्षा बोर्डको बारेमा मुख्यमन्त्री यादवले निर्णय सार्वजनिक गरेसंगै मधेश प्रदेशमा आन्दोलनसमेत चर्किन थालेको छ ।

## एक करोडभन्दा बढी ठगी गर्ने तीन जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । वैदेशिक रोजगारीका नाममा आकर्षक तलबको लोभमा फसाएर ठगी हुनेक्रम बढ्दै गएको छ ।

अहिले ठगी भएको भन्दै ठगिनेहरु काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयमा दैनिक करिब पाँच वटा उजुरी आउने गरेको जनाइएको छ ।

कार्यायलका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले उजुरीको छानबिन गरी पक्राउ गर्ने र कानुनी दायरामा ल्याउने अभियानमा टोली नै परिचालन गरिएको र केही परिणाम आइरहेको जानकारी दिए ।

उनले बुधबार मात्रै करोडौं ठगीको आरोपमा तीन जनालाई पक्राउ गरी कारबाहीका लागि प्रहरी कार्यालयमा पठाइएको बताए । प्रहरी उपरीक्षक आचार्यले भने, 'तर उजुरी आइरहेको र यसरी रोजगारीका नाममा भएका ठगिका घटना बढ्दो नै छ।'




उनले पीडितबाट एक करोड २५ लाख रुपैयाँ बढी ठगी गरेका एक व्यक्तिलाई पक्राउ गरी अनुसन्धान थालिएको बताए । यसरी पक्राउ पर्नेमा चितवन कालिका नगरपालिका घर भई हाल ललितपुर बस्ने श्यामचन्द्र अधिकारी रहेका छन् ।

अल्बानिया, अजरबैजान मेमोडोनिया सर्बियालगायतका देशहरू पठाउने भनी मानिसबाट एक करोड २५ लाख ७८ हजारभन्दा बढी पैसा उठाएर ठगी गरेको उजुरीमा अधिकारीलाई पक्राउ गरिएको छ ।

काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार यसरी ठगी गर्ने अन्य दुई जनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ ।

सर्लाही घर भइ ललितपुरका चन्द्रभूषण प्रसादलाई तीन लाख ८० हजार रुपैयाँ ठगीको आरोपमा पक्राउ गरिएको छ । सूचना अधिकारी आचार्यले जनाए अनुसार अब्लानिया पठाउने भनेर रकम ठगी गरेको पीडितको जाहेरीका आधारमा उनलाई पक्राउ गरिएको छ ।

त्यस्तै नवलपरासी घर भइ हाल काठमाण्डुका दिलबहादुर सारु मगरले सर्बिया पठाउने भनेर चार लाख ५० हजार रुपैयाँ ठगी गरेको उजुरीपछि उनलाई पक्राउ गरिएको छ ।

उनीहरू तीनै जनामाथि थप अनुसन्धान तथा कारबाही अघि बढाउनका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पठाइएको प्रहरी उपरीक्षक आचार्यले बताए ।

## उम्मेदवार सिफारिस गर्न जसपा नेपालको परिपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिस गरेर पठाउन मातहतका कमिटीलाई परिपत्र गरेको छ ।

प्रत्यक्ष र समानुपातिक दुवै तर्फका उम्मेदवारको नाम सिफारिस गरेर पठाउन जिल्ला र प्रदेश कमिटीलाई परिपत्र गरिएको जसपा नेपालका महासचिव लालबाबु राउतले जानकारी दिए ।


प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय समितिले क्षेत्रीय भेलाबाट कम्तीमा तीन जना उम्मेदवारको नाम छनोट गरी पुस १० गतेभित्र जिल्ला समितिमा पठाउने र जिल्ला समितिले प्रत्येक क्षेत्रबाट कम्तीमा ३ जनाको नाम पुस १५ गतेभित्र प्रदेश समितिमा पठाउनुपर्ने परिपत्रमा उल्लेख गरिएको छ ।




जिल्लाबाट प्राप्त उम्मेदवारको नाममा आवश्यक छलफल गरी प्रत्यक्षका लागि कम्तीमा तीन जनाको नाम पुस २० गतेभित्र केन्द्रमा सिफारिस गर्न जसपा नेपालले परिपत्र गरेको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय समिति गठन हुन नसक्ने अवस्थामा वा एक मात्र निर्वाचन क्षेत्र रहेका जिल्लामा संसदीय निर्वाचन क्षेत्र समन्वय समितिले गर्ने काम जिल्ला समितिले नै गर्ने परिपत्रमा उल्लेख गरिएको छ ।

त्यस्तै समानुपातिकतर्फ प्रत्येक जिल्लाबाट जिल्ला समितिले कम्तीमा तीन जना पुरुष र तीन जना महिला जातीय क्लस्टर अनुसार समावेशी हुने गरी प्रदेश समितिमा आगामी पुस १ गतेभित्र पठाउन उल्लेख गरिएको छ । प्रदेश समितिले प्राप्त गरेको उक्त नामावलीमाथि छलफल गरी आफ्नो राय सहित उम्मेदवारहरूको नाम पुस ५ गतेभित्र केन्द्रीय कार्यालयमा पठाउन परिपत्र गरिएको छ ।

पार्टी विधान अनुसार योग्यता पूरा गरेका कोही पनि संगठित पार्टी सदस्यले प्रत्यक्ष वा समानुपातिकतर्फ उम्मेदवार हुन चाहेमा सोभै केन्द्रीय कार्यालयमा आवेदन दिनसक्ने पनि जसपा नेपालले जनाएको छ । प्राप्त भएको आवेदनमाथि संघीय संसदीय बोर्डले सम्बन्धित जिल्ला र प्रदेश समितिसंग परामर्श गरी आवश्यक निर्णय लिने महासचिव राउतको भनाइ छ ।



# नेपाल–चीन महिला सहकार्यको ऐतिहासिक सम्मेलन

काठमाण्डु । जनवादी गणतन्त्र चीनको सिजाङ (तिब्बत) प्रान्तको परराष्ट्र मामिला कार्यालयको निमन्त्रणामा आयोजित महिला सम्मेलनमा नेपाल-चीन महिला सहकार्य गर्ने विषयमा छलफल भएको छ।

यही मङ्सिर ८ गतेदेखि १२ गतेसम्म सिजाङ स्वायत्त क्षेत्रको ल्हासा सहरमा भएको उक्त सम्मेलनमा महिला अधिकार, कानुन र तिब्बती उपचार पद्धतिका साथै महिला उद्यमशीलता, पर्यटन, जडीबुटी र हस्तकलाको विकासमा दुवै देशबीच सहकार्यका सम्बन्धमा छलफल भएको छ । सम्मेलनमा आदिवासी जनजाति आयोगकी सदस्य रीना रानाले नेपाली महिला प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। नेपाल-चीन कूटनीतिक सम्बन्धको ७० वर्षे यात्रामा दुवै देशका महिलाबीचको यो पहिलो औपचारिक महिला सम्मेलन भएको थियो। सम्मेलनले दुई देशबीचको मैत्रीपूर्ण सहकार्य अझ सुदृढ गर्दै महिला विकासका नयाँ मार्गहरू पहिचान गरेको आयोगका सदस्य रानाको भनाइ छ।



समावेशी नेपाली प्रतिनिधिमण्डलमा महिला उद्यमी महासङ्घ नेपालकी अध्यक्ष शोभा ज्ञवाली, उपाध्यक्ष सुनिता वैद्य श्रेष्ठ, राष्ट्रिय समाचार समिति (रासस) का पत्रकार कालिका खड्का, उद्योग परिसङ्घ युवा उद्यमी मञ्चकी उपाध्यक्ष निदा डोन मल्ल, नेपाल 'ल' क्याम्पसका सहायक प्राध्यापक डा विष्णु बस्याल, नेपालस्थित चिनियाँ दूतावासका युवा सदस्यहरु सदस्य कुन्दन शर्मा (मेकालिनकल इञ्जिनियर) र श्रीया गिरी (मानसिक स्वास्थ्य विद्), जेनजी पुस्ताकी प्रतिनिधि ओजस्वी भट्टराई र आयोगका सदस्य रानाकी सहयोगी प्रतिक्षा घले गुरुङ सहभागिता रहेको थियो।

"यो सम्मेलन नेपाल्-चीनका महिलाबीचको संवाद मात्र होइन, दुई देशका महिलाका बहुआयामिक क्षेत्रमा सहकार्यको नयाँ सुरुवात भएको छ", आयोगका सदस्य रानाले भन्नुभयो, "यसलाई निरन्तरता दिन सकियो भने दुवै देशका महिला र युवाको भविष्य उज्यालो हुनेछ।"नेपाली प्रतिनिधिमण्डलले तिब्बती उपाचार पद्धतिको अवलोकनका क्रममा सहभागीहरूको स्वास्थ्य परीक्षणसमेत गरिएका थिए । आयोगकी सदस्य रानाले स्वास्थ्य परीक्षणपछि भन्नुभयो, "तिब्बती उपचार पद्धति सस्तो, सरल र नेपाली आदिवासी उपचार विधिसँग अत्यन्त मिल्दोजुल्दो रहेछ, नेपालमै यसका तालिम उपलब्ध गराउने सम्भावना सकारात्मक रूपमा व्यक्त गरिएको छ, जुन असाध्यै राम्रो हो।"

महिला अधिकारबाट आर्थिक विकाससम्म कार्यक्रममा नेपाल र चीनका महिलाबीच-महिला अधिकारका कानुनी विकास, सरकारी सेवा प्राप्तिमा महिलाको अवस्था, स्वास्थ्य, शिक्षा र उद्यमशीलताबारे विस्तृत रुपमा छलफल भएको थियो। महिलाको आर्थिक उत्पादन, सामाजिक पहुँच र नेतृत्व विकासका क्षेत्रमा दुवै देशका प्रतिनिधिबीच अनुभव र विचार साटासाट गरिएको थियो।

सम्मेलनमा सिजेङ प्रान्तका वैदेशिक मामिला कार्यालयका उपमहानिर्देशक ओयाङ झिबिङले सम्मेलनलाई नेपाल-चीन मित्रताको ७० वर्षमा महिलामार्फत सुरु भएको पहिलो औपचारिक सहकार्य भएकाप्रति खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "दुवै देशका महिलाबीचको संवादले कूटनीतिक सम्बन्धमा नयाँ जीवन र ऊर्जा थप्नेछ भन्ने विश्वास लागेको छ।"

सम्मेलनको उद्देश्य नेपाल-चीन मैत्रीपूर्ण सहकार्यलाई मजबुत बनाउने, महिलाको क्षेत्रमा गुणस्तरीय विकास अभिवृद्धि गर्न सहयोग पुऱ्याउने, कानुन, मानवअधिकार, स्वास्थ्य, शिक्षा, पर्यटन, जडीबुटी, हस्तकला क्षेत्रमा सहकार्यका साथै नयाँ सम्भावना पहिचान गर्ने रहेको उहाँको भनाइ थियो ।प्रतिनिधिमण्डलले तिब्बती उपचार पद्धतिमा प्रयोग हुने प्राकृतिक जडीबुटी, आदिवासी ज्ञान र उपचार विधि नजिकबाट अध्ययन गर्नुभएको थियो। उद्यमशीलता, पर्यटन र जडीबुटीमा सहकार्यका नयाँ ढोका सफल भएको भन्दै महिला उद्यमी महासङ्घकी अध्यक्ष शोभा ज्ञवाली भ्रमण अत्यन्त सफल र फलदायी रहेको भनाइ व्यक्त गर्नुभयो।

"सम्मेलनमा उद्यमशीलता क्षेत्रका अवसर, चुनौती र भविष्यका सम्भावनाबारे गहन छलफल भयो", उहाँले भन्नुभयो, "नेपाली उद्यमीलाई निःशुल्क सीप विकास तालिम र उद्यमशीलता अभिवृद्धि कार्यक्रम उपलब्ध गराउने सम्बन्धमा सकारात्मक प्रतिबद्धता प्राप्त भयो ।"पर्यटन, जडीबुटी, कृषि तथा हस्तकला प्रवर्द्धनका क्षेत्रमा दुवै पक्षबीच दिगो सहकार्यका बुँदाहरूमा विस्तृत विचार-विमर्श हुनु आफैमा महत्वपूर्ण भएको उल्लेख गर्दै उहाँले तिब्बती उपचार पद्धति नेपालका मुस्ताङ, मनाङ, हुम्ला, डोल्पा जस्ता उत्तरी भूभागमा उपयोगी हुन सक्ने उहाँको विश्लेषण छ।

युवा उद्यमी, पत्रकार, कानुन व्यवसायी तथा मेकानिकल इञ्जिनियरहरूको सहभागिताले सम्मेलनलाई नयाँ पुस्ताको दृष्टिकोणले समृद्ध बनाउँदै चिनियाँ पक्षले नेपालका युवालाई सीप विकास, शिक्षा र प्रविधिमैत्री परियोजनामा सहयोग गर्ने विश्वास दिलाएको छ । सिजाङ प्रान्तले महिलाका निःशुल्क शिक्षा, सुरक्षित आवासगृह, महिला-केन्द्रित परियोजन सञ्चालन गरेको छ।

नेपालीले बनाएका हस्तकला सामग्री चीनमा लोकप्रिय हुँदै गएको देखिनुले दुवै देशबीच सांस्कृतिक र आर्थिक सहकार्यक्षेत्र अझ व्यापक बन्ने सङ्केत दिएको नेपाली प्रतिनिधिमण्डलको अनुभव छ । सहकार्यको यात्रा निरन्तर भएमा सम्मेलन उपलब्धिमूलक, अर्थपूर्ण र भविष्य-सुखी रहेको सहभागीहरूको ठम्याइ छ । दुवै देशका महिलाबीच स्थापित भएको सम्बन्धले कूटनीतिक सम्बन्ध, महिला नेतृत्व, स्वास्थ्य, उद्यमशीलता, पर्यटन, कृषि तथा जडीबुटी उद्योग सबै क्षेत्रमा नयाँ सम्भावना खोलेको नेपाली भ्रमण टोलीको अनुभव छ ।रासस

## समावेशी विकास तथा शासन व्यवस्थाको रूपान्तरणलाई अघि बढाउने प्रधानमन्त्रीको प्रतिबद्धता



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले दिगो विकासका लक्ष्य प्राप्तिको लागि अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धतालाई प्राथमिकतामा राखी अपाङ्गता समावेशी विकास तथा शासन व्यवस्थाको रूपान्तरणलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अन्तरराष्ट्रिय दिवसका अवसरमा बुधबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो। सन्देशमा प्रधानमन्त्रीले अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता, सामाजिक सुरक्षा एवं पुनः स्थापनामा सहज पहुँचका लागि सरकार क्रियाशील रहेको बताउनुभएको छ।

अपाङ्गता भएका व्यक्तिको आर्थिक-सामाजिक अवस्था एवं अपाङ्गताको गाम्भीर्यका आधारमा अपाङ्गता भएका व्यक्तिलाई सेवा सुविधामा प्राथमिकता दिई अपाङ्गता भएका सबैलाई सम्मानजनक र समतामूलक जीवनयापनको वातावरण निर्माण गर्ने राज्यको नीति रहेको प्रधानमन्त्रीले सन्देशमा स्पष्ट गर्नुभएको छ।

अपाङ्गता भएका व्यक्तिले भोगिरहेका भौतिक, दृष्टिकोणजन्य, सञ्चारमा रहेका अवरोध, कानुनीलगायत अन्य सबै अवरोधहरू हटाई सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सहज, पहुँचयुक्त र सम्मानजनक अवस्थाको सिर्जना गर्नु आजको आवश्यकता भएको सन्देशमा उहाँले उल्लेख गर्नुभएको छ। अपाङ्गता भएका व्यक्तिको स्वावलम्बी र आत्मनिर्भर जीवनका लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापनालगायत रोजगार तथा स्वरोजगारका कार्यक्रममा तीनवटै तहका सरकारको संयुक्त प्रयासले अपेक्षित उपलब्धि हासिल गर्न सकिने विश्वास प्रधानमन्त्रीले व्यक्त गर्नुभएको छ।

नेपालको संविधान, नेपाल पक्ष राष्ट्र भएका अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्तरराष्ट्रिय सन्धि, महासन्धि, विद्यमान कानुनहरूले अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अधिकारलाई अधिकतम रूपमा सम्बोधन गरेका उहाँले बताउनुभएको छ। बुधबारको यस दिवसले अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था, सम्बन्धित सबै सरोकार भएकाहरूलाई अपाङ्गता भएका व्यक्ति एवं तिनका अभिभावकको हक, हित, अधिकार, संरक्षण र सुविधाको क्षेत्रमा अझ धेरै कार्य गर्ने प्रेरणा र ऊर्जा मिलोस् भन्ने कामना गर्नुभएको छ ।रासस

## एकै दिन देशभर १७ स्थानमा आगलागीका घटना

काठमाण्डु । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा यही मङ्सिर १५ गते बिहानदेखि १६ गते बिहानसम्म देशभर २० वटा विपदमा घटनाका जानकारी प्राप्त भए।

प्राधिकरणका प्राप्त भएका विवरणमध्ये १७ वटा आगलागीका मात्रै घटना थिए। बाँकी रहेका तीन वटा घटनामा मुस्ताङमा लेक लागेको, महोत्तरीमा सर्पदंश र पर्सामा जनावर आक्रमणको रहेका थिए। पर्साको पर्सागढी नगरपालिका ३ झुलिटार बस्ने ५५ बर्षिया एक महिला जंगलमा घास काटन जाँने क्रममा बाघले आक्रमण गरी घाइते हुनुभएको थियो।

प्राधिकरणका अनुसार आगलागीका कारण रु ८२ लाख ९१ हजार बराबरको क्षति भएको छ। सिरहामा तीन, भोजपुरमा दुई, पाँचथर, मोरङ, उदयपुर, सप्तरी, रौतहट, बारा, पर्सा, ललितपुर,कास्की, कपिलवस्तु, गुल्मी, बाँकेमा आगलागीका घटना भएका थिए। अधिकांश आगलागीका घटना असावधानीका कारण भएको देखिन्छ।

गाइगोठमा खोले पकाउँदा, सुँगुरलाई चारो तताउँदा, ग्यास चुल्हो बालेर आगो ताप्दा, विद्युत्को तार सर्ट हुँदा, विद्युत् सर्ट भई आगलागी भएको पाइएको छ ।रासस

# नयाँ व्यवस्था कार्यान्वयनका लागि राष्ट्र बैंकको सर्कुलर




काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत गरिएका नयाँ व्यवस्था कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थालाई सर्कुलर गरेको छ। केन्द्रीय बैंकले मौद्रिक नीतिको समिक्षा गर्दै केही थप व्यवस्था तथा संशोधन गरेको थियो।

बाढीपहिरोबाट प्रभावित इलामलगायतका जिल्लाका उद्यम व्यवसायका लागि प्रवाहित कर्जालाई ऋणीको अनुरोधमा कर्जाको पुनरसंरचा गर्न सकिने व्यवस्था गरेको छ। बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुल उपर गरी आगामी चैतसम्मको पुनरसंरचना गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

त्यसरी पुनरसंरचना वा पुनरतालिकीकरण गर्दाको समयमा कर्जालाई जुन वर्गमा वर्गीकरण गरिएको छ कम्तीमा सोही वर्गमा वर्गीकरण तथा कर्जा नोक्सानीको व्यवस्था कायम गर्नुपर्ने प्रावधान राखिएको छ । यसैगरी अबदेखि बैंक तथा वित्तीय संस्थाले अधिविकर्षलगायतका प्रयोजनक नखुलेका व्यक्तिगत कर्जा रु एक करोडसम्म प्रवाह गर्न सक्नेछन् । तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त सीमा नाघेजति रकममा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने प्रबन्ध गरिएको केन्द्रीय बैंकले जनाएको छ ।त्यस्तै, इजाजतप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था बमोजिम उपलब्ध गराइने कर्जाको व्याजदर पाँच दशमलव ७५ प्रतिशत कायम गरिएको छ । यसअघि त्यस्तो व्याजदर छ प्रतिशत थियो।

केन्द्रीय बैंकले 'घ' वर्गका वित्तीय संसथालाई पनि कर्जाको पुनरतालिकीकरण एव्म पुनरसंरचनाका सम्बन्धमा केही नयाँ व्यवस्था गरेको छ । विपन्न तथा न्यून आय भएका समूहमा आवद्ध भएका वा नभएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रतिव्यक्ति रु १५ लाख बराबरको लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ ।रासस

# भ्रष्टाचार विरुद्धको कारबाही नरोकिएको छैन : प्रधानमन्त्री कार्की

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टचार विरुद्धको कारबाही नरोकिने बताउनुभएको छ । जेनजी आन्दोलनको मर्मअनुसार सरकारले काम गरिरहेको र निर्वाचनको तयारीसँगै भ्रष्टाचार विरुद्धको कारबाही सँगसँगै अघि बढिरहेको उहाँले स्पष्ट पार्नुभयो।

नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सुदन किराती नेतृत्वको प्रतिनिधिमण्डलसँगको बुधबार सिंहदरबारमा भएको भेटका क्रममा प्रधानमन्त्री कार्कीले भन्नुभयो, "हामी काम गर्न नै आएको हो। जे सकेको गरिरहेका छौँ। युवाले बलिदानी दिएर गरेको विद्रोहको मर्मअनुरूप जसरी पनि हामीले काम गर्नु छ। यो वा त्यो बहाना गरेर पन्छिने छुट छैन, हामी रोकिँदैनौँ।"



निर्वाचनको तयारी र सुशासनको जग बसाल्ने काम सँगसँगै गरिरहेको उहाँले बताउनुभयो । भ्रष्टाचारका विषयमा छानबिन गर्न राज्यका स्थापित संरचना नै धेरै रहेको अवस्थामा थप अर्को आयोग नबनाइएको उहाँले प्रस्ट्याउनुभयो। प्रधानमन्त्री कार्कीले भन्नुभयो, "हामी कहाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोग छ, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ । केन्द्रीय अनुन्धान ब्युरो छ, विगतमा ती निकायलाई प्रभावकारी रूपमा काम गर्न नदिइएको हुन सक्छ । दलीय प्रभाव परेको हुन सक्छ, हामी कुनै प्रकारको दबाब दिँदैनौँ । ती निकायले पूर्ण स्वतन्त्रताका साथ काम गरुन्, प्रभावकारी ढङ्गले चल्न सकुन, समानान्तर रूपमा धेरै संरचना बनाएर मात्र नतिजा आउने होइन । मूल कुरा काम गर्ने वातावरण दिनु अहिलेको आवश्यकता हो ।" अहिले अख्तियारले आफ्नो रफ्तार बढाइरहेको उहाँले बताउनुभयो।

सबै क्षेत्रको अति दलीयकरण हुँदा मुलुकले प्रगति गर्न नसकेको टिप्पणी गर्दै प्रधानमन्त्री कार्कीले भन्नुभयो, "तपाईंहरूले समाचारमा पढिरहनुभएकै होला। केही ठूला भ्रष्टाचारका विषय र प्रभावशाली व्यक्ति जोडिएका काण्डमा सम्बन्धित निकायहरूले कदम चालेका छन्।"

प्रधानमन्त्री कार्कीले आउँदो चुनावमा युवालाई नै संसद्मा पठाएर परिवर्तन संस्थागत गर्नुपर्ने धारणासमेत राख्नुभएको उहाँको सचिवालयले जनाएको छ। प्रधानमन्त्री कार्कीले भन्नुभएको छ, "यहाँ किसानका नाममा राजनीति भयो। किसानले मल पाउँदैनन् तर किसानको नेता देश-विदेश घुमिरहेको हुन्छ, मन्त्री-सांसद बनिरहेको हुन्छ, कार्यकर्ता अघिपछि लगाइरहेको हुन्छ। सहुलितको मल, बीउ, ऋणसमेत उसैले एकलौटी गरिरहेको हुन्छ, अरु व्यवसाय गर्नेहरूका नाममा राजनीति भयो, आफ्नो पेसा-व्यवसाय गर्न छाडेर नेतागिरी गर्दै हिँड्ने प्रवृत्ति नै बनेको रहेछ । भ्रष्टाचारको जड यहाँ छ, यस्तो वातावरणमा कसरी देशले उन्नति गर्छ?"

नेता किरातीसहित प्रतिनिधिमण्डलका अन्य सदस्यले जेनजीका आवाज सम्बोधन चाँडो हुनुपर्ने माग गर्नुभएको थियो । उहाँहरूले आन्दोलनकारी जेनजीमाथि एकातिर प्रहरीले धरपडक गरिरहेको र अर्कोतिर केही दलले घोषित रूपमै गुण्डा परिचालन गरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन आत्मविश्वासको बलमा नयाँ निर्णय लिन अनुकूल हुनेछ। |
| वृष : | कामकाजी क्षेत्रमा केही चुनौती आए पनि धैर्यले समाधाना पाउनु हुनेछ। |
| मिथुन : | आज सानो प्रयासले ठुलो उपलब्धि हात लाग्न सक्छ। |
| कर्कट : | परिवारसंग समय बिताउँदा मनमा नयाँ उत्साह जाग्नेछ। |
| सिंह : | आज आत्मविश्वास उच्च रहनेछ र नेतृत्व गुण खुल्नेछ। |
| कन्या : | काममा एकाग्रता बढ्नेछ र पुराना समस्याहरु समाधानतर्फ उन्मुख हुनेछ। |
| तुला : | आजको दिन समाजिक जमघट वा भेटघाटको लागि अनुकूल हुनेछ। |
| वृश्चिक : | आज भावना र व्यवहारमा सन्तुलन राख्नुपर्ने समय छ। |
| धनु : | उत्साह र जोशले काममा गति आउनेछ। |
| मकर : | काममा दबाब बढ्ला तर धैर्य र परिश्रमले राम्रो परिणाम ल्याउनेछ। |
| कुम्भ: | आज सिर्जनात्मक सोच र नयाँ आइडियाले तपाईलाई सक्रिय बनाउनेछ। |
| मीन : | प्रेम सम्बन्धमा आत्मीयता अनुभव हुनेछ। |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे

दिउँसो :- ११:४६ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



“सामाजिक प्रगतिलाई अगाडि बढाउन अपाङ्गता समावेशी समाजलाई बढावा दिने“ भन्ने नारालाई बलियो बनाउँदै अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको उपलक्ष्यमा लाईफ नेपालको आयोजनामा प्रभात फेरी मनाएको छ। *तस्बिर : टुडे*

# प्रलोपाद्वारा जेनजी आन्दोलनको माग पूरा गर्न सरकारसँग आग्रह

काठमाण्डु । प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले जेनजी आन्दोलनका माग पूरा गर्न सरकारसँग आग्रह गरेको छ । प्रलोपाका प्रतिनिधिहरुले बुधबार सिंहदरबारमा प्रधानमन्त्री सुशीला कार्कीलाई भेटगरी जेनजी आन्दोलनको वैधतालाई अभिलेखीकरण गर्न आग्रह गरेका हुन् । प्रलोपाले प्रधानमन्त्रीसमक्ष विभिन्न चार सूत्रीय माग पनि प्रस्तुत गरेको छ।



सो पार्टीले भनेको छ, “विगत तीन महिनादेखि जेनजी मुभमेन्ट अलायन्स, काउन्सिल अफ जेनजी, जेनजी फ्रन्टलगायत विभिन्न जेनजी समूहहरुले जेनजी जनआन्दोलनलाई संस्थागत गर्न सङ्कलन गरी बुझाएको जनादेशसहितको सम्झौतापत्र यथाशीघ्र हस्ताक्षर गरियोस्, सो सम्झौतामा उल्लेख गरिएका विषयवस्तुमध्ये सर्वप्रथम सहिद तथा घाइते परिवारको तत्कालीन आवश्यकता र दीर्घकालीन परिपूरणको मागलाई यथोचित सम्बोधन गरियोस् ।”

किसानलाई उत्पादनका आधारमा राज्यद्वारा अनुदानको व्यवस्था गरियोस्। विगतमा नक्कली किसानका नाममा कृषि अनुदानको ठूलो मात्रामा दुरुपयोग भएको हुँदा सोबारे छानबिन गरी दोषीलाई कडा कारबाही गर्नुपर्ने र अन्नबाली लगाउने समयमा किसानलाई पर्याप्त मल उपलब्ध गराउनुपर्ने प्रलोपाको माग छ। भ्रष्टाचार विरोधी र सुशासन संस्थागत गर्ने सम्बन्धमा पार्टीले भ्रष्टाचारसम्बन्धी छानबिन गर्न एक उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरी आयोगको सिफारिसका आधारमा दोषीलाई कारबाही गरी भ्रष्टाचारबाट आर्जित सम्पत्तिलाई राष्ट्रियकरण गर्ने प्रक्रियाको थाल्नुपर्नेमा जोड दिएको छ।

पार्टीले घोषित फागुन २१ को निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्नका लागि वातावरण निर्माण गर्नुपर्ने उल्लेख गर्दै विदेशमा रहेका नेपालीले विदेशबाटै मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्ने माग पनि अघि सारेको छ। रासस

# हिमालयन एभरेष्ट इन्स्योरेन्सको वार्षिकोत्सवमा ‘परान’को कर्पोरेट शो

**टुडे समाचारदाता**

काठमाण्डु । हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड (एचइआई) ले वार्षिकोत्सवको अवसरमा कर्पोरेट शो आयोजना गरेर परान चलचित्र हेरेको छ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडले आफ्नो स्थापनाको ३२ औं वार्षिकोत्सवको अवसरमा मंगलबार सुन्धारास्थित सिभिल मलमा आफ्ना कर्मचारी र उनीहरूका परिवारसहित सामूहिक रुपमा चलचित्र हेरेको हो। चलचित्रमा नेपालको सामाजिक परिवेश र घर-घरको कथा भएकाले सबैको मन छुन सफल भएको कम्पनीले जनाएको छ।

‘वार्षिकोत्सवको अवसरमा सबै कर्मचारी एक साथ बसेर चलचित्र हेर्नु आफैँमा सकारात्मक कुरा हो, वर्षौंपछि त्यो अवसर परानले जुराइदिएको हो’,- कम्पनीकी मानव संशाधन व्यवस्थापन विभागकी प्रमुख सृष्टिना मानन्धरले भन्नुभयो- ‘सामूहिक रुपमा चलचित्र हेर्दा आफ्नोपन र पारिवारिक माहोल बनेको लाग्यो, यसले कर्मचारीहरूमा पनि सहयोग र समन्वय गर्ने भावनाको विकासमा सहयोग पुग्छ।’

चलचित्र हेरेर भावुक बनेपछि कम्पनीकी सहायक कर्मचारी रुपा देउलाले भन्नुभयो- ‘अहिलेको समयमा नेपाली समाजलाई यस्तै सन्देशमूलक चलचित्र चाहिएको छ, आफ्नै घरको कथा भनेकोजस्तै लाग्यो, कलाकारको अभिनय त झनै उत्कृष्ट छ।’ जेनरल सर्भिस डिपार्टमेन्ट लजिस्टिकका सुविन्द्र श्रेष्ठले वरिष्ठ कलाकार नीर शाहको अभिनय र कथाले मन जितेको प्रतिक्रिया दिनुभयो।



एचइआईको कर्पोरेट शोमा निर्देशक दीपक प्रसाद आचार्य र अभिनेत्री अञ्जना बराइली पनि पुगेका थिए। नेपाली समाजको पारिवारिक कथा समेटिएको ‘परान’ फिल्म जीवनको उत्तरार्धमा सन्तानको साथ र माया खोजिरहेका एक बाबुको कथामा आधारित छ।

# महोत्तरीमा कोदोखेतीको क्षेत्रफल बढ्दै

महोत्तरी । पछिल्ला केही वर्षयता जिल्लामा कोदोखेतीको क्षेत्रफल बढ्दै गएको छ। चार दशक पहिले मुख्यबालीका रूपमा मानिएको कोदोको प्रयोग पछिल्लो केही वर्षयता कम हुँदै गएपनि स्वास्थ्यका दृष्टिकोणले कोदो उपयुक्त मानिने भएकाले यसको प्रयोगकर्तासँगै खेतीको क्षेत्रफल पनि बढ्दै गएको हो।

आर्थिक वर्ष २०७८/२०७९ मा जिल्लामा ३०० हेक्टर क्षेत्रफलमा भएको कोदोखेती गत आवमा आइपुग्दा ३७५ हेक्टरमा विस्तार भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ। चालु आवमा करिब ४०० हेक्टरभन्दा बढी क्षेत्रफलमा खेती भएको कार्यालयका सूचना अधिकारी अविरलकुमार महतोले जानकारी दिनुभयो।“चार दशक पहिले कोदो जिल्लाको मुख्यबालीका रूपमा रहेको तत्कालीन समयका कृषि विज्ञले बताउनुभएको थियो। तर कार्यालयमा यकिन तथ्याङ्क र कुनै अभिलेख भने भेटिएन”, कार्यालयका कृषि विज्ञसमेत रहनुभएका महतोले भन्नुभयो, “तर पछिल्ला तीन-चार वर्षयता कोदोखेती अलिअलि गरेर बढेको छ।” उहाँका अनुसार चार वर्षयता कोदोबाली लगाउने क्षेत्रफलसँगै उत्पादन पनि बढेको छ।

“आर्थिक वर्ष २०७८/२०७९ मा ३३० मेट्रिकटन उत्पादन भएको थियो, त्यसयता यो बर्सेनि अलिअलि बढ्दै गएको छ। आव २०८१/८२ मा आइपुग्दा ४१३ मेट्रिकटन उत्पादन भएको छ”, सूचना अधिकारी महतोले भन्नुभयो, “यसपालिको हिउँदे बाली धमाधम काट्ने, माड्ने र थन्क्याउने काम भइरहेकाले तथ्याङ्क सङ्कलनमा केहीदिन लाग्न सक्छ, तर जिल्लाभरिबाट प्राप्त सूचनाका आधारमा यसपालि करिब ५०० मेट्रिकटन उत्पादन पुग्ने आकलन गरिएको छ।” पछिल्ला केही दशकयता असन्तुलित खानपिन र दूषित वातावरणले मधुमेहलगायत नसर्ने रोग बढ्दै गएको छ। रगतमा चिनीको मात्रा बढ्ने समस्या देखिन थालेसँगै यसको नियन्त्रणका लागि कोदोको प्रयोग बढाउन चिकित्सकले सुझाव दिँदै आएका छन्। सोही कारणले यहाँका किसानले पनि पुनः कोदोखेती विस्तार गर्दै लगेका महतोले धारणा राख्नुभयो।



बर्दिबास नगरपालिका-२ बुद्धचोकका श्याम यादवले यसपालि आफैँले कोदोखेती गरेको बताउनुभयो। मधुमेहको मात्रा बढेपछि चिकित्सकले कोदोका परिकार सेवान गर्नु प्रभावकारी हुने सल्लाह दिएपछि करिब चार कट्ठामा खेती गरेको उहाँको भनाइ छ।“चिकित्सकले खानेकुरामा कोदोको परिकार बढाउन सल्लाह दिएका छन्। किनेर उपभोग गर्न पनि बजारमा प्रशस्त मात्रामा भेटिँदैन, त्यसैले यसपालि आफैँले कोदो लगाएको हुँ”, यादवले भन्नुभयो, “वर्षभरिलाई एक छाक खान पुग्ने कोदो फलेको छ, यसले स्वास्थ्य सुधार हुने विश्वास छ।” आगामी वर्ष खेती विस्तार गर्ने योजना बनाएको उहाँले उल्लेख गर्नुभयो।

भङ्गाहा नगरपालिका-४ का गङ्गाराम महतो र सोही बस्तीका भरतराज बरालले पनि बाँझो बारीमा आफैँले कोदोखेती गर्नुभएको छ। महतोले पाँच कट्ठा र बरालले तीन कट्ठामा कोदो लगाउनुभएको थियो। कोदो अरु अन्नबालीभन्दा पानी र खडेरी बढी खप्ने, कीरा र रोगको सङ्क्रमण कम हुने र यो लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले खेती गर्न सजिलो हुने महतोले बताउनुभयो।

महतो र बराल दुवैले स्वास्थ्य जाँचपछि रगतमा चिनीको मात्रा नियन्त्रणका लागि कोदोको परिकार उपयुक्त हुने चिकित्सकको सल्लाहपछि खेती गर्न लागेको बताउनुभयो।

“नजानेको/नबुझेको बाली होइन, २०४० सालअघि एक बिघासम्ममा पिताले खेती गर्नुहुन्थ्यो। पिताजीको निधनपछि यसको खेती गर्न छाडिएको थियो”, महतोले भन्नुभयो, “अब आफ्नै खानपिनका लागि फेरि यो खेती बढाउने निर्णयमा पुगेको छु।” चार दशकअघि कोदो बिक्री गर्दा पनि कम मूल्य पाइने भएपछि खेती गर्न छोडेको उहाँको भनाइ छ। “अहिले धान, गहुँभन्दा यसको मूल्य बढी पाइने अवस्था छ। आर्जनका लागि पनि कोदोखेती बढाउँदै लग्ने योजना छ”, महतोले भन्नुभयो।पछिल्लो समय कोदोको खपत बढेसँगै उत्पादन पनि बढ्न थालेको छ। यसको मुख्य कारण मधुमेहका बिरमीको सङ्ख्या बढेसँगै बजारमा कोदोको माग र मूल्य दुवै बढेको पूर्ववरिष्ठ कृषि विज्ञ रामबहादुर भुजेलले बताउनुभयो।

कोदोमा पाँचदेखि आठ प्रतिशतसम्म प्रोटिन हुने, यो शारीरिक विकासमा सहयोगी हुने, ‘ग्लुटेनफ्री’ हुने र मधुमेहका बिरामीका लागि रोग नियन्त्रण गर्न सहयोगी हुने भएकाले यसको उपयोग बढाउनुपर्नेमा बर्दिबास नगरका स्वास्थ्य शाखा प्रमुख एवं वरिष्ठ जनस्वास्थ्य निरीक्षक सुरेश पासवानले जोड दिनुभयो। साथै कोदोमा फाइबर बढी पाइने हुँदा यसको सेवनले तौल सन्तुलन गर्न र रगतमा चिनीको मात्रा नियन्त्रण गर्न सहयोगी हुने उहाँको भनाइ छ।

प्रोटिन, क्याल्सियम, आइरन, म्याग्नेसियम, पोटासियमलगायत पौष्टिक तत्व कोदोमा पर्याप्त मात्रामा हुने हुँदा यसका परिकार स्वस्थ्यकर हुने स्वास्थ्यकर्मी बताउँछन्। अहिले कोदोको माग र मूल्य बढेसँगै किसान यसको खेतीमा आकर्षित हुँदै गएका छन्।
स्थानीय सरकारले आ-आफ्ना कृषि शाखामार्फत उन्नत जातका कोदोको बीउ, प्राविधिक सल्लाह र रेखदेख तथा आवश्यक प्रविधिमा सहयोग बढाएमा यसको क्षेत्रफलसँगै उत्पादनसमेत बढ्ने अखिल नेपाल किसान महासङ्घका केन्द्रीय सदस्य लक्ष्मण महतोले बताउनुभयो।रासस

# महानिर्देशक अधिकारीसहित छ जना विरुद्ध भ्रष्टाचार मुद्दा

काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी र तत्कालीन निर्देशक मुरानी भण्डारीसमेत छ जना विरुद्ध भ्रष्टाचारको आरोपपत्र दायर भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महानिर्देशक अधिकारी, तत्कालीन निर्देशक भण्डारीसमेत छ जना र अभियन्त्र कन्सल्टिङ् प्रालि उपर सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गरेको आरोपपत्र दायर गरेको हो।नलिञ्चोकमा हेलिपोर्ट निर्माण प्रक्रियामा व्यापक अनियमितता र कानूनी प्रावधान उल्लङ्घन भएको ठहर गर्दै आयोगले उनीहरु विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको आयोगको विज्ञप्तीमार्फत जानकारी दिइएको हो। महानिर्देशक अधिकारीसहित मुरारी भण्डारी, नल विक्रम थापा, समृद्धि श्रेष्ठ, गुरुदत्त अधिकारी तथा अभियन्त्र कन्सल्टिङ प्रालिका व्यवस्थापक विजय थापामाथि भ्रष्टाचार ऐन अनुसार सजाय माग्दै आयोगले विशेष अदालतमा मुद्दा दर्ता गरेको हो।





दायर गरिएको आरोपपत्रमा परामर्शदाताको छनोटदेखि अध्ययन प्रतिवेदन तयार गर्ने कार्यसम्मकै चरणमा नियमविपरीत काम गरी रु १३ करोड ५७ लाख ४६ हजार २१३ रुपैयाँ ७७ पैसा बराबरको हानी पुग्ने गरी भ्रष्टाचार गरिएको दाबी गरिएको छ।आयोगकाअनुसार हेलिपोर्ट निर्माणका लागि अनिवार्य हुने सम्भाव्यता अध्ययन नगरी बदनियतपूर्वक प्रक्रिया अगाडि बढाइएको, कानूनी स्वीकृति नलिई प्राविधिक तथा वित्तीय प्रस्ताव माग गरिएको, अनुभवहीन परामर्शदाता फर्मलाई मिलेमतोमा छनोट गरिएको र विस्तृत परियोजना प्रतिवेदन समेत पूर्णरूपमा नबनाई खरिद प्रक्रिया अघि बढाइएको पाइएको छ।

अनुसन्धानबाट प्राप्त विवरणअनुसार इञ्जिनियर समृद्धि श्रेष्ठ र तत्कालीन निर्देशक मुरारी भण्डारीले हेलिपोर्टको सम्भाव्यता अध्ययन स्वीकृत गराएपछि पनि वास्तविक अध्ययन नगरी लागत अनुमान तयार पारी परामर्श सेवा खरिद प्रक्रियामा प्रवेश गराएका थिए। सार्वजनिक खरिद ऐन तथा नियमावलीले माग गरेका ‘स्पेसिफिकेसन’, योजना, डिजाइन, खरिद गुरुयोजना, वार्षिक खरिद योजना तथा बजेट स्वीकृति झनै बिना नै निर्माण प्रक्रिया अगाडि बढाइएको आयोगले जनाएको छ।

त्यस्तै, हेलिपोर्ट जस्तो संवेदनशील संरचना निर्माणमासरकारको पूर्व स्वीकृति तथा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य भए पनि कुनै प्रक्रियागत अनुमति नलिइएको प्रमाणित भएको आयोगको भनाइ छ।अख्तियारले बुधबार दायर गरेको आरोपपत्रमा सार्वजनिक सम्पत्ति हानी-नोक्सानी, बदनियतपूर्ण निर्णय, कानूनी प्रावधान उल्लङ्घन तथा मिलेमतोद्वारा भ्रष्टाचार गरेको ठहर गर्दै सबै प्रतिवादीविरुद्ध कारबाहीको माग गरेको छ।

## बैङ्किङ कसुरमा गुण एयरलाइन्सका सञ्चालक शाक्य पक्राउ

नेपाल प्रहरीले बैङ्किङ कसुरमा गुण एयरलाइन्सका सञ्चालक राजेन्द्र शाक्यलाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले ठगी, आपराधिक विश्वासघात र नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको कसूरको अनुसन्धानको सिलसिलामा शाक्यलाई पक्राउ गरेको हो।

ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले प्रभु बैंक लिमिटेडलाई हानी नोक्सानी पुऱ्याएको मुद्दाको अनुसन्धानका लागि शाक्यलाई पक्राउ गरिएको जानकारी दिनुभयो। ब्यूरोले यसअघि प्रभु बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिईओ) अशोक शेरचनलाई पक्राउ गरिसकेको छ।

नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा प्रचलित कानून विपरित कार्य गरी प्रभु बैंक लिमिटेडलाई हानी नोक्सानी पुऱ्याएको तथा सोही अपराधलाई लुकाउन विभिन्न कम्पनीहरूको नाममा करोडौँ रकम कर्जा प्रवाह गरी कर्जाको दुरूपयोग गर्ने/गराउने कसुरमा संलग्न रहेको आरोपमा अनुसन्धानका लागि शाक्यलाई पक्राउ गरिएको ब्यूरोले जनाएको छ।रासस

# अपाङ्गता भएका व्यक्तिको संवधौनिक अधिकार पूर्णरुपमा कार्यान्वयन हुनुपर्छ : उपराष्ट्रपति


काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले अपाङ्गता भएका व्यक्तिको संवैधानिक अधिकारलाई पूर्णरुपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको छ।



अपाङ्गता भएका व्यक्तिहरुको अन्तरराष्ट्रिय दिवस, २०२५ को अवसरमा बुधबार शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभएको छ, “नेपालको संविधानले पनि अपाङ्गता भएका नागरिकलाई पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्ने अधिकारका साथै सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको छ, यसलाई सबैले आत्मसात र अवलम्बन गर्न जरुरी छ।”

उहाँले सबैमा समान सहभागिता, अवसर र सहानुभूतिलाई प्रवर्द्धन गर्न सबैको सामूहिक प्रयास अपरिहार्य रहेको उल्लेख गर्नुभयो। हरेक वर्ष डिसेम्बर ३ मा विश्वभर मनाइने यो दिवसले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्ने साझा सङ्कल्पलाई पुनः स्मरण गराउने बताउँदै उहाँले दिवसले थप प्रेरणा, ऊर्जा र प्रतिबद्धता प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

“हामी सबै एकजुट भएर अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तर सुधार गर्न, उहाँहरूको अधिकारको संरक्षण गर्न तथा हरेक क्षेत्रमा समावेशिता सुनिश्चित गर्न निरन्तर अघि बढ्न सक्नुपर्दछ, न्यायपूर्ण, समावेशी र सम्मानजनक समाज निर्माण हामी सबैको साझा जिम्मेवारी हो, हामीले सबै नागरिकको योगदानलाई मान्यता दिँदै अपाङ्गता भएका व्यक्तिहरुको क्षमता र सम्भावनालाई राष्ट्र निर्माणमा उपयोग गर्न सक्ने वातावरण सृजना गर्नु सबैको कर्तव्य र दायित्व हो”, सन्देशमा भनिएको छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# राजनीतिक स्थिरता आवश्यक

मधेश प्रदेशमा पछिल्लो दुई महिनामा नै तीनजना मुख्यमन्त्री परिवर्तन भएका छन्। चौथो मुख्यमन्त्री पनि नियुक्त हुने अन्तिम प्रक्रियामा छन् । मधेश प्रदेशको पहिलो पाँच वर्ष जनता समाजवादी पार्टी(जसपा) नेपालबाट मुख्यमन्त्री बनेका लालबाबु राउतले कार्यकाल चलाए। उनी पाँच वर्ष रहने देशको पहिलो मुख्यमन्त्री पनि हुन्। उनको कार्यकालमा मधेश प्रदेशले कयौं ठोस र आवश्यक कार्यहरुको थालनी भयो। विकास निर्माणका साथै प्रदेशमा महिला सशक्तिकरण अभियान, बेटी पढाऔं, बेटी बचाऔं, बेटी बीमा लगायतका कयौं महत्वपूर्ण कार्यक्रमहरु लागु गरिएको थियो। प्रदेशका लागि कयौं महत्वपूर्ण ऐनहरुको निर्माण भयो। प्रदेशमा सुशासन कायम गर्न जनलोकपाल ऐन ल्याएर जनलोकपाल कार्यालयको स्थापना गरियो। जनलोकपालमा पदाधिकारीहरु बहाल भए। त्यसले काम गर्न सकेन, त्यो पदाधिकारीहरुको कमजोरी रह्यो। प्रदेश सरकारले पहिलो पटक नै प्रदेशको नामकरण पहिचानको आधारमा गरे। मधेश प्रदेश नाम र जनकपुरधामलाई राजधानी बनाउन निकै चुनौतीपूर्ण कार्य थियो। तर त्यो पनि अत्यन्त सौहार्द्रपुर्ण ढंगले तत्कालीन लालबाबु राउतको सरकार र सरोज कुमार यादव सभामुखले सम्पन्न गरे। संघीयताको जननी मानिएको मधेश प्रदेशले मधेशीको पहिचानलाई स्थापित गरेको छ। प्रदेशमा राजनीतिक स्थिरता थियो। तीन वर्षपछि सरकारको गठबन्धनमा परिवर्तन भए पनि मुख्यमन्त्री परिवर्तन भएन। त्यसपछि दोस्रो कार्यकालको पहिलो झण्डै दुई वर्ष जसपा नेपालको मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादवले सरकारको नेतृत्व गरे। यादवको नेतृत्वमा पनि प्रदेश विकासको मार्गमा अगाडि बढिरहेको थियो। विकास निर्माणको कार्यहरु द्रुतगतिमा अगाडि बढिरहेको थियो। तर त्यसपछि जनमत पार्टीका नेता सतीश कुमार सिंहको नेतृत्वमा सरकार बनेपछि बेथितिहरु शुरु भयो। प्रदेशमा विकास निर्माणमा भारी अनियमितता हुन थाल्यो। सरकारी योजनाहरु अग्रीम रकम लिएर बिक्री हुन थाले। मधेश प्रदेश आर्थिक अनियमितताको थलो बने। भौतिक पूर्वाधार विकास मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालयलगायतमा ब्रम्हलुट मच्चिन थाले। मुख्यमन्त्री निरीह भए। सिंहलाई आफ्नो पद जोगाउन सबै प्रकारको अनियमिततामा सहयोग गर्नुपर्ने बाध्यता देखियो। उनी गत असोजमा झण्डै १५ महिनाको कार्यकालपछि हटाइए। त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका नेता जितेन्द्रप्रसाद सोनल मुख्यमन्त्री बने। तर उनले विश्वासको मत लिने अन्तिम प्रक्रियामा पुगेपछि केही सांसदहरुले साथ छाडेको कारण राजीनामा गरे। त्यसपछि नेकपा एमालेका सांसद सरोज कुमार यादव संविधानको धारा१६८(३)बमोजिम मुख्यमन्त्री बने। जुन अत्यन्त विवादित रह्यो। उनलाई हटाउन ७३ जना सांसदले सर्वोच्चमा रिट हालेपछि उनीपनि २५ दिनमा पदमुक्त भए। दुई महिना भित्र चौथौं मुख्यमन्त्री छान्ने गृह कार्य शुरु भइसकेको छ। देशमा संघीयता आएपछि प्रदेशको सम्पन्न दोस्रो चुनावपछिको तीन वर्षे कार्यकालमा मधेश प्रदेशमा पाँचौ मुख्यमन्त्री बन्ने तयारी छ। यसले प्रदेशको विकास निर्माण लगायत सम्पूर्ण कार्यहरुमा प्रतिकूल असर परेको छ। संघीयताप्रति समेत प्रश्न उठाउनेहरुको सक्रियता बढेको छ।

# शिक्षामन्त्रीज्यू, तपाईंसँग विश्वास सहितको अपेक्षा राखेको छु!



राजन पाण्डे

महाकवि लक्ष्मीप्रसाद देवकोटाले भन्नुभएको छ – मन बिसाउन सकिने मन भएको मान्छे खोज्छ मान्छे। हो, म आज मन बिसाउने मन खोजिरहेको छु।आदरणीय शिक्षामन्त्रीज्यू, हजुरलाई थाहा छँदैछ जोसँग बढी अपेक्षा गरिन्छ, उसैलाई भन्न मन लाग्छ। दुःख साट्न मन लाग्छ। पिरोल्न मन लाग्छ। मनको भारी त्यही काँधमा बिसाउन मन लाग्छ।

मन्त्रीज्यू, तपाईं ज्ञान र अनुभवका दृष्टिले मेरा लागि सिक्न योग्य व्यक्तित्व हुनुहुन्छ।जुन शीर्षकमा म आज तपाईंसँग अपेक्षाको भारी बिसाउँदै छु, त्यही कार्यमा तपाईंले सिंगो जीवन अर्पण गर्नुभएको छ। हन्डरहरूको जँघार तर्नुभएको छ। सानै भए पनि आशाको दियो बालिरहनुभएको छ।

मन्त्रीज्यू, मलाई थाहा छैन यो शीर्षकमा तपाईं समक्ष मैले बहस र अपेक्षाको भारी बिसाउनु इन्द्रको अगाडि स्वर्गको बखान पनि हुन सक्छ। तथापि तपाईंको असाधारण स्तरको साधारणपन र उत्पादन प्रणालीसँग जोडिन नसकेको नेपालको शिक्षा प्रणालीका विषयमा अनुभूति र अपेक्षाहरू राख्ने अनुमति चाहन्छु।डाक्टर महावीर पुन भन्नासाथ सबभन्दा पहिले तपाईंको साधारणपन सम्झना आउँछ। तपाईंको बोली तथा व्यवहार निकै सहज र निस्कपट लाग्छ। ठूलो हैसियत, पद वा प्रसिद्धिले तपाईंलाई कृत्रिम बनाएको छैन। अहंकारी बनाएको छैन।साँच्चिकै साधारण हुनु आफैमा असाधारण सामर्थ्य हो।

तपाईंको लवाइ-खवाइले पनि साधारणपनको उत्कृष्टता दर्शाउँछ। सजिलो कपडा, सहज बोली र अति साधारण व्यवहारले तपाईंलाई आम मान्छेको माझ अझ नजिक र आत्मीय बनाएको छ।

तपाईंको साधारण जीवनशैली भित्र असाधारण उद्देश्य लुकेको छ। रूपान्तरणको सोच, संकल्प र साधना लुकेको छ। नेपालको दुर्गम गाउँ-बस्तीमा इन्टरनेट पुर्‍याउने काम होस् वा ग्रामीण विकासका लागि अनुसन्धान र आविष्कारलाई प्रोत्साहन गर्ने काम, सबै कुरा तपाईंले शान्त तर दृढ संकल्पसहित गर्नुभएको छ।

तपाईंले गरेको काम आफै बोल्छ कुनै प्रचारप्रसार वा विज्ञापन गर्न परिरहेको छैन।गाउँघरका बालबालिकाले शिक्षा पाऊन्, बिरामीले स्वास्थ्य सुविधा पाऊन्, देशले नवप्रवर्तन र आविष्कारको बाटो समातोस्, युवाले देश भित्रै उद्यम गरून्, रोजगारी पाऊन् भन्ने सोचमा तपाईं निरन्तर लागिरहनु भएको छ। तपाईंका उत्कृष्ट कार्यहरूले तपाईंको साधारणपनलाई झनै प्रकाशमान बनाएको छ।

स्रोत र साधनको अभाव हुँदाहुँदै पनि तपाईंको सोच कहिल्यै साँघुरो भएन। पैसा वा पहुँच नभएको अवस्थामा पनि तपाईंले उपलब्ध साधनमै नयाँ उपाय खोज्ने साहस गर्नुभयो। यही सोचले तपाईंलाई विशेष बनाएको छ।

मन्त्रीज्यू, अब म पिरोलिएको मनको पेटारो खोल्ने अनुमति चाहन्छु।तपाईं जानकार नै हुनुहुन्छ, सक्षम मानव स्रोतले मात्रै अन्य उत्पादनका साधनबाट उत्पादन लिन सक्छ। आज हाम्रा सबै उत्पादनका साधनको उत्पादन र उत्पादकत्व कम हुनुको मूल कारण नै मानव स्रोतको विकासको मूल कार्यप्रणाली शिक्षालाई उत्पादन प्रणालीसँग जोड्न सकिएको छैन।मन्त्रीज्यू, उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणालीको रेललाई त्यसको ड्राइभरले विकास र समृद्धिको गन्तव्यमा पुर्‍याउन सम्भव छ र?आज तपाईं त्यही रेलको ड्राइभर हुँदै गर्दा पक्कै पनि यो प्रश्नले तपाईंलाई पछ्याइरहेको होला।

मन्त्रीज्यू, शिक्षामा स्वदेशीपनको आत्मानुभूति र उद्देश्यशीलता प्रवर्द्धन गराउन भारतका महात्मा गान्धी, चीनका माओ त्सेतुङ, मिश्रका अब्दुल नासिर, युगोस्लाभियाका मार्सल टिटो र तान्जानियाका जुलियस नेरेरबाट धेरै कुरा सिक्न सकिन्छ। हाम्रो देशको सन्दर्भमा शिक्षालाई समय सापेक्ष रूपान्तरण गर्न सक्ने, उत्पादन प्रणालीसँग जोडेर सीप, सूचना र संस्कार संयोजन गर्न सक्ने राज्य प्रमुख वा शिक्षाविदको इतिहास आजसम्म रचिएको छैन।तपाईं आफैं जानकार हुनुहुन्छ, शिक्षालाई उत्पादन र स्वदेशीपनसँग जोड्न नेपालले गरेका छिरलिएका आंशिक प्रयासहरू र आवश्यकताको बीचमा ठूलो खाडल छ। नेपालको शिक्षा नीति, अभ्यास र नतिजाको बीचमा ठूलो विचलन छ।

नेपालमा विद्यालय शिक्षालाई आविष्कार र उत्पादनसँग जोड्न तथा शिक्षा प्रणालीलाई व्यावहारिक, स्थानीय आवश्यकतामुखी र २१ औं शताब्दीको सीपसँग सुसंगत बनाउने अभिप्रायले केही प्रयास भएका छन्।तथापि सैद्धान्तिक शिक्षामा केन्द्रित पाठ्यक्रम, प्रयोगात्मक र उत्पादनमुखी शिक्षाको अभाव, समस्या समाधान क्षमताको विकास गर्ने शिक्षण विधिको कमी र आविष्कारको अवसर नपाइने अवस्था, ग्रामीण क्षेत्रमा उपकरण, इन्टरनेट, ल्याबको अभाव, नयाँ आविष्कारकर्तालाई आर्थिक, कानुनी र बजार पहुँचमा सहयोग पुर्‍याउने परिपाटीको कमी जस्ता कारणले नेपालमा आविष्कार र उत्पादनले गति लिन नसकेको कुराको सबभन्दा ठूलो साक्षी तपाईं आफै हुनुहुन्छ।

नेपालको संविधानले राज्यको नीतिका रूपमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने संकल्प गरेको छ। उक्त नीतिको कार्यान्वयनलाई जोड दिँदै विद्यालयहरूमा विज्ञान तथा स्टिम प्रयोगशाला स्थापना गर्ने र विश्वविद्यालय शिक्षा तथा सिटिइभिटीमार्फत जनशक्ति विकासको आंशिक प्रयास भएको छ।



विज्ञान, प्रविधि र नवप्रवर्तन नीति-२०७६ (नवप्रवर्तनलाई समावेशी र दिगो विकाससँग जोड्ने नीति), राष्ट्रिय अनुसन्धान परिषद, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (अनुसन्धान र प्रविधिको प्रवर्द्धनमा सक्रिय), डा. महावीर पुन (तपाईं) को अगुवाई रहेको राष्ट्रिय आविष्कार केन्द्र (ग्रामीणस्तरका प्रविधि, यन्त्र निर्माण, आविष्कार सिकाइ र स्थानीय समस्या समाधानमा कार्यरत), स्टार्टअप नीति र नवप्रवर्तनको प्रवर्द्धन (कर छुट तथा नवप्रवर्तन प्रतिस्पर्धा कार्यक्रमहरू) जस्ता नीतिगत, संस्थागत र कार्यगत प्रयासहरू भएका छन्।

यस्ता प्रयासको उद्देश्य युवा तथा विद्यार्थीहरूलाई केवल किताबी ज्ञानमा सीमित नराखी सिर्जनशील, समस्या समाधान गर्न सक्ने र स्वदेशमै रोजगारी सृजनामा सक्षम बनाउने हो तर जे जति प्रयास भएका छन् न ती पूर्ण छन्, न नतिजामुखी।मन्त्रीज्यू, हामी हाम्रो देशको ज्ञान, विज्ञान र प्रविधिले राष्ट्रिय अर्थतन्त्रमा कति योगदान गरेको छ भनेर तथ्यगत आधारमा भन्न सक्ने अवस्थामा पनि छैनौं।

नेपालमा विद्यालय शिक्षालाई आविष्कार र उत्पादनसँग जोड्ने केही प्रारम्भिक छिटपुट प्रयास भएका छन्। तर यी प्रयास अझै संरचना, प्रणाली, नीति कार्यान्वयन, शिक्षक प्रशिक्षण र स्रोतको पहुँच तथा निरन्तर प्राथमिकता जस्ता आधारभूत पक्षमा निम्छरो अवस्थाबाट पेलिएका छन्।विद्यालय शिक्षालाई आविष्कार र उत्पादनसँग जोड्ने सन्दर्भमा रहेका संरचना, नीति कार्यान्वयन, शिक्षक प्रशिक्षण र स्रोतको पहुँच तथा निरन्तर प्राथमिकता जस्ता विषयमा रहेका आधारभूत सीमितता हटाउन यथास्थिति र हालकै प्रयासबाट सम्भव छैन। नयाँ आयामको खोजी हुन आवश्यक देखिन्छ।

यसै सन्दर्भमा यस्तै परिवेश भोगेर जनशक्तिको विकास, आविष्कार र उत्पादनमा आज सारा विश्वलाई रहर लाग्दो उदाहरण प्रस्तुत गरेको चीनबाट हामीले सिक्न सकिने कुरा धेरै छन्।आदरणीय मन्त्रीज्यू, चीनले विद्यालय तहदेखि नै नवप्रवर्तनशील, उत्पादनमुखी र अनुसन्धानमैत्री शिक्षा प्रणाली विकास गरेर शिक्षा र अर्थतन्त्रबीचको गहिरो सहकार्य कायम गरेको र शिक्षालाई उत्पादनसँग जोडेर स्थानीय स्रोतसाधनको समुचित उपयोग, मानव स्रोतको उत्पादक उपयोग र प्रविधिमा आत्मनिर्भरता सम्भव बनाएको कुरामा हजुर पक्कै जानकार नै हुनुहुन्छ। मलाई लाग्छ, तपाईं पनि यथा प्रयासबाट शिक्षाले गति नलिने कुरामा पूर्ण विश्वस्त हुनुहुन्छ।

तपाईं समक्ष मेरो अनुरोध छ हामीले पनि चीनको अभ्यासबाट सिक्दै शिक्षालाई उत्पादन प्रणालीसँग जोड्ने हाम्रो आफ्नै मौलिक संकल्प गरौं। आविष्कार र उत्पादनको जग 'मेरो विद्यालय' भन्ने मूल संकल्प अघि सारौं।

यो राष्ट्रिय संकल्पलाई हरेक विद्यार्थीको संकल्प र साधना बनाउन सक्ने गरी लाग्दा नै हालको विद्यालय शिक्षाको पुनर्संरचना हुन सक्छ र शिक्षालाई उत्पादन प्रणालीसँग जोड्न सकिन्छ भन्ने लागेको छ। यसबाटै संविधानको शैक्षिक नीतिले कार्यरूप लिन सक्नेछ। नेपालको विद्यालय शिक्षालाई आविष्कार र उत्पादनसँग जोड्ने नवीन आयाम हुन सक्छ भन्ने लागेको छायो कामका लागि तपाईंको अगुवाइको राष्ट्रिय आविष्कार केन्द्रसँग पालिकागत रूपमा प्रभावकारी ढंगले सहकार्य गरी शिक्षक र विद्यार्थीमा आविष्कार र उत्पादनको चेतको विकास तथा विज्ञान विषय शिक्षणको प्रायोगिक र उत्पादक अभ्यास गरिदाँ दूरदृष्टियुक्त शैक्षिक परिवर्तनको खाका प्रस्तुत गर्न सकिने देखेको छु।

यस अभियानले विद्यालयलाई सिर्जनशीलता र समाधानमुखी शिक्षाको थलो बनाउन, विद्यार्थीमा स्थानीय समस्यामा आधारित नवप्रवर्तनशील सोच विकास गराउने, पढेर जागिर खोज्ने भन्दा सिकेर समाधान निकाल्ने तथा आविष्कार, उद्यम र उत्पादनमा जोड दिने संस्कार र सामर्थ्य निर्माण गर्ने कार्यमा सहयोग गर्नेछ।बालबालिकाहरूलाई सानै उमेरबाट नै अनुकरण, नवप्रवर्तन र आविष्कारको यात्रामा व्यवस्थित अभ्यास गर्न उत्साहित गराउनेछ।

तपाईंको अगुवाइमा स्थापना भएको राष्ट्रिय आविष्कार केन्द्रले ग्रामीण समस्याहरूको प्रविधियुक्त समाधानमा उपाय खोजेको छ। युवा, विद्यार्थी, शिक्षक र प्राविधिकलाई नवप्रवर्तन र आविष्कारमा जोड्न संकल्परत छायस केन्द्रले आफ्ना समस्या समाधानमा 'आफै गर्नुहोस्' भन्ने भावना र साधनाको विकासमा वातावरण र बल प्रदान गरेको छ। अनुकरण, नवप्रवर्तन, र आविष्कारको व्यवस्थित अभ्यास गर्न संस्थागत र व्यवहारगत नमूना प्रस्तुत गर्दैछात्यसैले यो संस्थाले आत्मसात गरेको भावलाई विद्यालय र विद्यार्थीसम्म पुर्‍याइ समग्र शिक्षाको हालको अभ्यासमा सुधार गर्न सकिने देखिन्छ।हाल तीनै तहका सरकारले ल्याब र शिक्षक तालिममा गरेको खर्चलाई पुनर्संरचना गरी उत्पादनमुखी गराउन सकिने देखिन्छ।

पालिकाहरूले विद्यालय तहबाटै विद्यार्थीमा नवप्रवर्तन, आविष्कार र उत्पादनको सोच, व्यवहार र लगाब सिर्जना गर्न राष्ट्रिय आविष्कार केन्द्रलाई अगुवा उत्प्रेरक संस्थाको रूपमा सहकार्य गर्न सकिने अवसर हाम्रोसँग छायस कार्यले राष्ट्रिय आविष्कार केन्द्र र विद्यालय शिक्षाको समग्र लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ।आदरणीय मन्त्रीज्यू, जानी-नजानी मैले राखेका वर्णनात्मक सोच र अपेक्षा पढ्दा दिक्क पनि लागिसकेको होला।तर केही समय धैर्य गरेर यो प्रस्तुत सोचको कार्यात्मक ढाँचा मनन गरिदिनुहुन अनुरोध गर्छु।

- शिक्षकहरूलाई आविष्कार केन्द्र र विज्ञान विषयको पाठ्यक्रम विकासमा संलग्न विज्ञको उपस्थितिमा तालिम दिलाउने।
- विज्ञान विषय शिक्षणलाई अनुकरण, नवप्रवर्तन र आविष्कारको आधार विषयका रूपमा शिक्षण गर्न विद्यालयमा आविष्कार र उत्पादन सहजकर्ताको रूपमा विज्ञान शिक्षकलाई परिचालन गर्ने।
- नगरको अगुवा विद्यालयमा लिडिङ इन्नोभेसन ल्याब स्थापना गर्ने।
- स्थापना भएका स्टिम ल्याबलाई सुदृढीकरण गर्ने।
- पालिकाले प्रत्येक माविमा साना नवप्रवर्तन प्रयोगशाला स्थापना गर्ने।
- समस्या समाधान परियोजना कार्यक्रम (विद्यार्थीले गाउँको कुनै समस्या लिएर समाधान खोज्ने परियोजना), विद्यालयस्तरीय आविष्कार मेला, पालिका स्तरीय नवप्रवर्तन प्रदर्शनी, विद्यालयमा मिनी साइन्स एवं इन्नोभेसन ल्याब स्थापना गर्ने।
- विद्यार्थी समूहले विद्यार्थीकै सक्रियतामा सोच्ने, छलफल गर्ने र बनाउने कार्यक्रम गर्ने।
- नीति, योजना, स्रोत र अनुगमनका लागि संयोजन गर्ने निकायको रूपमा विज्ञान शिक्षक र विद्यार्थीको सहभागिता रहने गरी पालिकास्तरीय समन्वय समिति गठन गर्ने।- रटानभन्दा 'सिकेको प्रयोग गर्न सक्ने' आन्तरिक मूल्यांकन अभ्यास अपनाउने।- विद्यालय  नगरपालिका  आविष्कार केन्द्र  स्थानीय व्यवसाय  प्राविधिक कलेजको बीचमा सहकार्य र प्रवाह सिर्जना गरी यस्तो चक्रमा विद्यार्थीले आफ्नो उत्पादन वा विचारलाई विस्तार गर्न सक्ने वातावरण निर्माण गरी अभ्यास गरिनुपर्छ।

आदरणीय मन्त्रीज्यू, संघ, प्रदेश र पालिकास्तरमा बलियो तहगत अन्तरसम्बन्ध कायम गर्दै स्पष्ट नीति निर्माण, स्रोत परिचालन र ठोस कार्यक्रममा सहकार्यात्मक लगानी र अभ्यास लागू गर्न सक्ने हो भने यसले विद्यालयहरूलाई ज्ञान तथा सीप मात्र होइन, आविष्कार र उत्पादनको जगमा रूपान्तरण गर्न सकिन्छ।मन्त्रीज्यू, मलाई लाग्छ नेपालमा विद्यालय शिक्षालाई आविष्कार र उत्पादनको मेरूदण्ड बनाउने सपना तब मात्र साकार हुन्छ, जब शिक्षालाई अनुकरणबाट नवप्रवर्तन हुँदै मौलिक आविष्कारतर्फ क्रमशः उन्मुख गरिन्छ।यसका लागि विद्यालय शिक्षाको रूपान्तरण, शिक्षकको सशक्तीकरण र स्थानीय तहको सक्रिय, सहयोगी र रणनीतिक भूमिका तथा संघ र प्रदेश तहको फराकिलो सोच र व्यावहारिक अवलम्बन सहितको प्रतिबद्धता अपरिहार्य छ।

राष्ट्रिय आविष्कार केन्द्रलाई अगुवा उत्प्रेरक संस्थाको रूपमा सहकार्य गर्ने गरी अघि बढौं। आविष्कार र उत्पादनको जग विद्यालयलाई बनाऔं।तपाईंसँग विश्वाससहितको अपेक्षा राखेको छु। तपाईंको नाम शिक्षा प्रणालीको हालको बासी ज्ञान प्रसार गर्ने मूल चरित्रमा परिवर्तन गरी उत्पादन प्रणालीसँग जोडिएको शिक्षाको प्रस्थानकर्ताको रूपमा युग-युगले सम्झनेछ।मन्त्रीज्यू, अनि हामीले हाम्रा विद्यार्थीलाई खुसीका साथ भन्ने दिन आउनेछ– प्रिय विद्यार्थी तिमीले राज्यले दिएको शैक्षिक अवसरको काखमा बसेर आफै सोच, आफै गर, आफ्नो बाटो आफै खोज।सेतोपाटी

# एमडिजिपी स्वास्थ्य प्रणालीका मेरुदण्ड



डा विश्वराज दवाडी

नेपाली समाजमा डाक्टर भन्नेबित्तिकै कि त 'एमबिबिएस' को सामान्य चिकित्सक कि त मुटु, पेट, स्नायु वा मिर्गौलाजस्ता निश्चित अङ्गको उपचार गर्ने 'विशेषज्ञ' भन्ने बुझाइ रहेको छ। तर, नेपालको विषम भौगोलिक बनोट र सीमित स्वास्थ्य पूर्वाधारका लागि यी दुई विधाको बीचमा एउटा यस्तो अत्यन्त महत्वपूर्ण र बहुमुखी विधा छ, जसलाई नेपालको स्वास्थ्य प्रणालीको 'मेरुदण्ड' मानिन्छ-त्यो हो एमडिजिपीअर्थात् 'जनरल प्राक्टिस एन्ड इमर्जेन्सी मेडिसिन' मा विशेषज्ञता।

नेपालको सुदूर पहाडी जिल्ला अस्पतालहरूको सङ्कटकालीन वार्डदेखि काठमाडौंका व्यस्त कर्पोरेट अस्पतालहरूको आकस्मिक विभागसम्म, एमडिजिपी डाक्टरहरूले नेपाली स्वास्थ्य सेवाको मुहार फेरिरहेका छन्। उनीहरूको भूमिका, क्षमता र नेपालले बेहोरिरहेका स्वास्थ्य चुनौतीहरूमाथिको प्रभावका बारेमा धेरै चर्चा हुने गरेको पाइँदैन।

एमडिजिपीलाई धेरैले केबल 'जनरल फिजिसियन' वा 'सामान्य चिकित्सक'को रूपमा बुझ्ने गर्छन्, तर यो बुझाइ पूर्णतया अपूर्ण छ। एमडिजिपी एउटा पूर्णकालीन तीन वर्षे स्नातकोत्तर (पिजी) विशेषज्ञता हो। यो विशेषज्ञताले चिकित्सकलाई आधारभूत चिकित्सा र शल्यक्रियाका विभिन्न विधामा सघन तालिम दिन्छ। एमडिजिपीलाई चिकित्सा क्षेत्रमा 'स्विस आर्मी नाइफ' पनि भनिन्छ। जसरी स्विस आर्मी नाइफमा अनेकन औजारहरू एकीकृत हुन्छन्, त्यसरी नै एक एमडिजिपी डाक्टरले एकैसाथ बालरोग, स्त्रीरोग (प्रसूतिसहित), हाडजोर्नी (अर्थोपेडिक्स), सामान्य शल्यक्रिया (जनरल सर्जरी) र सबैभन्दा महत्वपूर्ण रूपमा आकस्मिक चिकित्साको जिम्मेवारी सम्हाल्न सक्छन्। उनीहरूले बच्चाको भ्याक्सिनदेखि गर्भवतीको जटिल शल्यक्रिया (सिजरियन सेक्सन), भाँचिएको हाडको प्लास्टर र हृदयाघात वा गम्भीर दुर्घटनाको प्रारम्भिक जीवनरक्षक उपचारसम्म गर्नसक्ने क्षमता राख्छन्। यो बहुआयामिक क्षमता नै नेपालको ग्रामीण स्वास्थ्य सेवाका लागि अपरिवर्तनीय बनेको छ।

**क) ग्रामीण नेपालमा: 'एक डाक्टर, अनेक अस्पताल'**

नेपालका करिब ६० प्रतिशत जनसङ्ख्या बसोबास गर्ने दुर्गम पहाडी भूभागमा स्वास्थ्य सेवाको पहुँच गम्भीर चुनौतीका रूपमा रहेको छ। मुटु, मस्तिष्क वा बालरोग विशेषज्ञहरू ती ठाउँमा पुग्न सम्भव छैन। यही शून्यपनलाई एमडिजिपी डाक्टरहरूले 'फ्रन्टलाइन कमान्डर' बनेर भरिरहेका छन्।

**जीवन बचाउने शल्यक्रिया र प्रसूति सेवा**

डोल्पा, अछाम, ताप्लेजुङ, मनाङ वा दार्चुलाजस्ता भौगोलिक रूपमा विकट जिल्ला अस्पतालहरूमा जब बिरामीलाई जीवन-मरणको सङ्कट आइपर्छ, तत्काल काठमाडौं वा ठूला सहरमा पठाउन घण्टौं वा दिनौं लाग्न सक्छ। उदाहरणका लागि, गर्भवती महिलाको पाठेघरमा बच्चा अड्किँदा वा आन्द्रा फुट्दा (परफोरेटेड एपेन्डिक्स), केही मिनेटको ढिलाइले पनि बिरामीको ज्यान जान सक्छ। यस्तो सङ्कटकालीन घडीमा एमडिजिपी डाक्टरले नै तत्काल अपरेसन गरेर बिरामी बचाउँछन्। सिजरियन सेक्सनमा शल्यक्रिया गरेर आमा र बच्चा दुबैको जीवन बचाउँछन्। उनीहरूले उपलब्ध सीमित स्रोत र उपकरणका बाबजुद पनि 'सर्जरी' र 'प्रसूति' सेवा दिएर ग्रामीण अस्पताललाई 'रिफर सेन्टर' बाट 'उपचार केन्द्र' मा रूपान्तरण गरेका छन्।

**कुशल व्यवस्थापकीय नेतृत्व**

एमडिजिपी डाक्टरहरू केबल उपचारकर्ता मात्र होइनन्, ग्रामीण जिल्ला अस्पतालहरूमा प्रायः उनीहरू नै अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) पनि हुन्छन्। उनीहरूले सीमित बजेट र जनशक्तिका बीच अस्पतालको व्यवस्थापन गर्ने, स्वास्थ्यकर्मीहरूलाई नेतृत्व दिने, आधारभूत ल्याब र औषधिहरू उपलब्ध गराउने र ठूला स्वास्थ्य शिविरहरू आयोजना गर्ने जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका हुन्छन्। उनीहरूको नेतृत्व क्षमताले नै दुर्गमका स्वास्थ्य संस्थालाई चलायमान बनाइराखेको हुन्छ।

**विवेकपूर्ण 'रिफरल' प्रणाली**

एमडिजिपी डाक्टरहरूको व्यापक ज्ञानले गर्दा उनीहरूले बिरामीलाई 'ट्राइज' गर्न सक्छन्। उनीहरूले कुन बिरामीको उपचार गाउँमै सम्भव छ र कसलाई मात्र सहर पठाउनु अनिवार्य छ भन्ने निर्णय क्षमता राख्छन्। यसले गर्दा अनावश्यक रुपमा अन्य अस्पतालहरुमा पठाइने बिरामीहरुको सङ्ख्या कम हुन्छ, जसले बिरामीको लाखौं रुपैयाँ र समयको बचत गर्नुका साथै ठूला सहरी अस्पतालहरूको अनावश्यक बोझ पनि घटाउँछ।

**ख) सहरी क्षेत्र: 'फ्यामिली डाक्टर' को उदय**

सहरका ठूला अस्पतालहरूमा विशेषज्ञहरूको भीड भए पनि एमडिजिपी डाक्टरको भूमिका त्यहाँ पनि उत्तिकै महत्वपूर्ण रहेको छ तर निम्न बुँदाहरुको आधारमा त्यस भूमिकालाई फरक ढङ्गले पनि हेर्न सकिन्छः

**होलिस्टिक केयरको पैरवी**

आजको सहरी जीवनशैलीमा हुर्किएका अधिकांश बिरामीहरू सामान्य लक्षणका लागि पनि विशिष्ट विशेषज्ञ कहाँ धाउँदा हैरान हुने गर्छन्। टाउको दुख्दा न्युरोलोजिस्ट, पेट दुख्दा ग्यास्ट्रोलोजिस्ट र छालाको समस्याका लागि डर्माटोलोजिस्ट कहाँ जानुपर्ने बाध्यता छ। एमडिजिपी डाक्टरहरूले यसको साटो बिरामीको समग्र स्वास्थ्य जाँच गर्छन्। उनीहरूले बिरामीको शारीरिक समस्या मात्र होइन, मानसिक स्वास्थ्य, जीवनशैली, पारिवारिक इतिहास र सामाजिक अवस्थालाई पनि बुझेर उपचारको योजना बनाउँछन्। यसले गर्दा सही विशेषज्ञ कहाँ जाने भन्ने अलमल हट्छ र निरन्तर र व्यापक स्वास्थ्य सेवा सुनिश्चित हुन्छ। यसरी उनीहरूले पहिलो सम्पर्क विन्दुका रूपमा कार्य गरेका हुन्छन्।

**इमर्जेन्सी विभागका कमान्डर**

काठमाडौं, पोखरा वा विराटनगरका अधिकांश ठूला अस्पतालका आकस्मिक विभागको नेतृत्व एमडिजिपी डाक्टरहरूले नै गरिरहेका छन्। दुर्घटना, हृदयघात, स्ट्रोक, वा अन्य आकस्मिक अवस्थाका बिरामीहरू आउँदा उनीहरूले नै तुरुन्तै बिरामीको अवस्था आँकलन गरी 'ट्राइज' गर्छ–अर्थात् कसलाई पहिला उपचार गर्ने र कुन विशेषज्ञलाई बोलाउने भनेर तत्काल निर्णय गर्छन्। उनीहरूको तीव्र निर्णय क्षमता र बहुआयामिक सीप आकस्मिक सेवाको जीवनरेखा हो।

**दीर्घ रोग व्यवस्थापन**

उच्च रक्तचाप, मधुमेह, थाइराइडजस्ता दीर्घकालीन रोगहरूको नियमित 'फलोअप' र जीवनशैली परामर्शका लागि एमडिजिपी डाक्टरहरू सबैभन्दा उपयुक्त मानिन्छन्। उनीहरूले बिरामीसँग दीर्घकालीन सम्बन्ध स्थापित गरी रोगलाई नियन्त्रणमा राख्न र जटिलताहरू आउन नदिन मद्दत गर्छन्।

**भविष्यको मार्गचित्र**

एमडिजिपी डाक्टरहरूको यति धेरै महत्व हुँदाहुँदै पनि नेपालमा उनीहरूले उचित पहिचान र प्रोत्साहन पाउन सकेका छैनन्। यस विधाका डाक्टरहरूले सामना गरिरहेका केही मुख्य चुनौतीहरू यस प्रकार छन् :

सरकारी दरबन्दीको कमी : सरकारले जिल्ला अस्पतालहरूमा एमडिजिपी डाक्टरहरूको आवश्यक सङ्ख्यामा स्थायी दरबन्दी सिर्जना गर्न सकेको छैन।

प्रोत्साहनको अभाव : दुर्गममा काम गर्ने एमडिजिपीहरूलाई पर्याप्त आर्थिक सुविधा, आवास, र करियर विकासको अवसर नहुँदा उनीहरू सहरी क्षेत्रमा वा विदेश पलायन भइरहेका छन्।

जनमानसमा गलत बुझाइ : विशेषज्ञको रूपमा स्पष्ट पहिचान नहुँदा बिरामीहरूले पनि उनीहरूको क्षमतालाई कम आँक्ने गरेको अवस्था अझै पनि छ।

यसमा निक साइमन्स इन्स्टिच्युट जस्ता संस्थाहरूले ग्रामीण क्षेत्रमा एमडिजिपी डाक्टरहरूलाई पठाउन प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् तर यो दीर्घकालीन समाधान होइन। राज्यले अब एमडिजिपीलाई प्राथमिकता प्राप्त विशेषज्ञ मानेर तत्कालै कदम चाल्नुपर्छ। प्रत्येक जिल्ला अस्पतालमा अनिवार्य एमडिजिपीको दरबन्दीः कम्तीमा दुईदेखि तीन जना एमडिजिपी विशेषज्ञहरूको स्थायी पद सिर्जना गरिनुपर्छ। दुर्गम भत्ता र विशेष प्रोत्साहन प्याकेज ल्याएर दुर्गममा काम गर्न आकर्षक तलब, सुविधा र शैक्षिक अवसरहरू प्रदान गर्नुपर्छ। 'फ्यामिली मेडिसिन' को रूपमा विकास गरी सहरी क्षेत्रमा 'फ्यामिली डाक्टर'को अवधारणालाई स्थापित गर्नुपर्छ, जसले एमडिजिपीहरूको पहिचानलाई अझ बलियो बनाउन आवश्यक छ।

**निष्कर्ष**

नेपालको विकट भौगोलिक वास्तविकतालाई हेर्दा हामीलाई हरेक विधाका 'माइक्रो-स्पेसलिस्ट' भन्दा पनि सबै विधाको आधारभूत ज्ञान, शल्यक्रियाको सीप र आकस्मिक सेवाको क्षमता भएका एमडिजिपी डाक्टरहरूको खाँचो बढी छ। जबसम्म गाउँको स्वास्थ्य चौकीलाई केबल रिफर गर्ने ठाउँबाट जीवन बचाउन सक्ने 'उपचार केन्द्र' मा बदल्न सकिँदैन, तबसम्म लाखौं नेपाली गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित भइरहनेछन्। यो दूरदृष्टिलाई साकार पार्नका लागि एमडिजिपी विशेषज्ञहरूको भूमिकालाई राज्यले उच्च सम्मान र कदर गर्नैपर्छ। उनीहरूलाई प्रोत्साहन दिएर नेपालको स्वास्थ्य सेवालाई बलियो र समावेशी बनाउनु आजको तत्कालको आवश्यकता हो। (लेखक जेनरल प्राक्टिस ऐन्ड इमेर्जेन्सी मेडिसिन एसोसिएसन नेपालका अध्यक्ष हुनुहुन्छ)

# अपाङ्गता भएका व्यक्तिको अधिकार र सम्मानलाई सुनिश्चित गर्न सरकार प्रतिबद्धः सञ्चारमन्त्री खरेल



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले अपाङ्गता भएका व्यक्तिको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्न सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ ।

अपाङ्गता भएका व्यक्तिको ३४औँ अन्तरराष्ट्रिय दिवसका अवसरमा मूल समारोह समितिले बुधबार भृकुटीमण्ड परिसरमा आयोजना गरेको समारोहमा मन्त्री खरेलले सरकारले अपाङ्गमैत्री नीतिगत र संरचनागत सहकार्य गर्ने विश्वास व्यक्त गर्नुभयो । अपाङ्गता भएका व्यक्तिको सहयोगी निर्देशिका चाँडै कार्यान्वयनमा ल्याइने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

"यसअघि राजनीतिक दलका नेताले गर्छु भने गरेनन् तर, म गर्छु भन्दैन । गरिसकेपछि गरेँ है भनेर भनौँला । हाम्रो देशमा गर्छु भन्ने रोग छ", मन्त्री खरेलले भन्नुभयो । सञ्चारमन्त्रीखरेललेसरकारकोतर्फबाट निर्देशिका कार्यान्वयनमा ल्याउने र कम्तिमा सानो रूपमा भए पनि गम्भीर रूपमा अपाङ्गता भएका नेपाली दाजुभाई दिदीबहिनीका लागि केही न केही प्रक्रियाको प्रारम्भ गरिने स्पष्ट पर्नुभयो । उहाँले सामाजिक न्याय, समता, समानता तथा विवेधरहित समाज निर्माण र सामाजिक विभेदको अन्त्य गर्न सरकार प्रतिवद्धताका साथ लाग्ने बताउनुभयो ।

सञ्चारमन्त्री खरेलले प्रधानमन्त्री सुशीला कार्कीले दिवसको अवसरमा दिनुभएको शुभकामना सन्देशमा पनि सरकार अपाङ्गता भएका व्यक्तिको साथमा रहेको जानकारी गराइसक्नुभएकाले यसलाई अगाडि बढाउने कुरामा सरकारलाई सहयोग पुग्ने बताउनुभयो । उहाँले सञ्चार तथा सूचना प्रविधिमन्त्रालयलाई कसरी अपाङ्गमैत्री बनाउन सकिन्छ, नीतिगत र संरचनागतरूपमा कार्यान्वयन गर्न मन्त्रालय सहकार्य गर्न तयार रहेको उल्लेख गर्नुभयो ।

**'निर्वाचनको सम्पूर्ण वातावरण बनिसकेको छ'**

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री खरेलले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न सम्पूर्ण वातावरण बनिसकेको र सरकार निर्वाचन गराउने प्रक्रियामा अगाडि बढिसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारको ६ महिने अवधिको मूख्य दायित्व फागुन २१ गते निर्वाचन सम्पन्न गर्नुपर्ने छ, निर्वाचन जसरी पनि हुँदैछ, त्यसको सम्पूर्ण वातावरण बनिसकेको छ, सरकार यसमा दृढ छ । निर्वाचनसँगै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सरकार दृढतापूर्वक अगाडि बढेको छ ।"

> "सरकारको ६ महिने अवधिको मूख्य दायित्व फागुन २१ गते निर्वाचन सम्पन्न गर्नुपर्ने छ, निर्वाचन जसरी पनि हुँदैछ, त्यसको सम्पूर्ण वातावरण बनिसकेको छ, सरकार यसमा दृढ छ । निर्वाचनसँगै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सरकार दृढतापूर्वक अगाडि बढेको छ ।"

महासङ्घका अध्यक्ष देवीदत्त आचार्यले अपाङ्गमैत्री संरचना र नीतिगत सुधारका लागि सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाजकल्याण परिषद्, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल र राष्ट्रिय अपाङ्ग कोषको संयुक्त आयोजनामा भएको कार्यक्रममा अपाङ्गता क्षेत्रमा योगदान पुर्याउने विभिन्न व्यक्तित्वलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।यसअघि बुधबारै बिहान सञ्चार तथा सूचना प्रविधिमन्त्री खरेलको नेतृत्वमा प्रभातफेरी आयोजना गरिएको थियो । खुलामञ्चबाट सुरु भएको प्रभातफेरी भृकुटीमण्डपमा आएर सभामा परिणत भएको थियो ।


'अपाङ्गता समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन' नाराका साथ यस वर्ष अपाङ्गता भएका व्यक्तिको ३४औँ अन्तरराष्ट्रिय दिवस मनाइएको छ । अपाङ्गता भएका नागरिकको हक अधिकार प्रवर्द्धनका लागि विश्वभर संयुक्त राष्ट्रसङ्घको पहलमा सन् १९९२ देखि हरेक वर्ष डिसेम्बर ३ तारिखका दिन अपाङ्गता भएका व्यक्तिको अन्तरराष्ट्रिय दिवस मनाउन थालिएको हो । दिवसले अपाङ्गता भएका व्यक्तिको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्ने साझा संकल्पलाई पुनः स्मरण गराएको छ ।

नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने तथा सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको भए पनि व्यवहारिक रूपमा पूर्ण कार्यान्वयन हुनुपर्ने माग उठ्दै आएको छ ।रासस

# बजेट कटौती र सेवासुविधा खोसिएको विषयमा राष्ट्रियसभा सांसद र अर्थमन्त्रीबीच नोकझोक

काठमाण्डु । सरकारले चालु आर्थिक वर्षको बजेटमा परेका केही योजनाको कटौती र राष्ट्रियसभा सांसद तथा पूर्वविशिष्टहरुको स्वकीय सचिवलगायत सेवा सुविधा खोसेको विषयमा संसदीय समितिमा नोकझोक चलेको छ ।

सङ्घीय संसद् राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बुधबारको बैठकमा सांसदहरू र अर्थमन्त्री रामेश्वरप्रसाद खनालबीच आरोप-प्रत्यारोप भएको हो । अहिलेको सरकारले राष्ट्रियसभाप्रति बदलाको भावले प्रेरित भएर काम गरिरहेको आरोप समितिका सदश्यहरुले लगाइरहँदा अर्थमन्त्री खनालले त्यसको प्रतिवाद मात्र गर्नुभएन अतिरञ्जित लाञ्छनाको पुष्टि गर्न चुनौतीसमेत दिनुभयो ।



> "लाञ्छना लगाउने शैलीमा केही विषय आएका छन् । यसमा म के स्पष्ट गर्न चाहान्छु भने, नेपाल सरकारको बजेट बचाएर अर्थमन्त्री र सचिवको कम्पनीमा लगानी भएको छैन । यो गलत हो । यदि हामीले गलत गरेका रहेछौं भने अख्तियारलगायतका निकायले हेर्ने नै छन"

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि गठित विद्यमान सरकारले आर्थिक अनुशासन कायम गर्ने र आगामी निर्वाचनका लागि खर्च जुटाउने भन्दै चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा परेका टुक्रे आयोजनाको कटौती गरेको थियो । पूर्वतयारी नसकिएका, राजनीतिक पहुँच र शक्तिका आधारमा बजेटमा परेका, रु तीन करोडभन्दा कम लागतका टुक्रे आयोजना कटौती गर्ने नीति सरकारले लिएको छ ।

त्यस्तै, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने भन्दै गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकले कानुनविपरीतका सेवा सुविधा कटौती गर्ने निर्णय गरेको थियो । सुशासन समितिको आजको बैठकमा सांसदहरुले यी दुई विषयलाई पेचिलोसँग उठाएका हुन् । समितिका सदस्य भुवनबहादुर सुनारले राजनीतिक दल र सांसदहरुप्रति अहिलेको सरकारको धारणा के हो ? भन्दै प्रश्न गर्नुभयो ।

"राष्ट्रियसभाका सांसदको स्वकीय सचिवको सेवा सुविधा कटौती भएको छ । बजेटमा परेका माननीयका योजना काटिए । हामी अन्यायमा पर्यौं", उहाँको भनाइ थियो, "तीन करोड रुपैयाँभन्दा कमका आयोजना काट्ने भनिएको छ । राष्ट्रिय सभाका सांसदका १०० जति पनि योजना पनि बजेटमा परेका छैनन् । त्यसमा पनि सबै विकास योजना कटौती गरेर त हुँदैन होला ।"अर्का सांसद विष्णुबहादुर विश्वकर्माले पनि सांसदको स्वकीय सचिव कटौती गरेको प्रती आक्रोश पोख्नुभयो । "राष्ट्रियसभा विद्वत्वर्गको सभा हो । लामो समय राजनीतिक योगदान गरेका व्यक्ति यहाँ छन् । यहाँ धनी र ठेकेदारका छोराछोरी कोहि छैनन् । सहारा चाहिने बेलामा सुविधा कटौती गरेर बेसहारा बनाईएको छ", उहाँले भन्नुभयो ।

त्यस्तै, टुक्रे आयोजना कटौतीका नाममा सरकारले विकास विरोधी काम गरेको पनि उहाँको जिकिर छ । बजेटका योजना तथा कार्यक्रम कटौती गरेर करिब रु एक खर्ब २० अर्ब बराबर जोगाइएको भने पनि यसले विकास निर्माणका काम र मुलुकको समग्र आर्थिक अवस्थामा प्रतिकूल असर देखिने उहाँको भनाइ छ ।

सांसद शारदादेवी भट्टले अहिलेको सरकारले राष्ट्रियसभा सांसदको स्वकीय सचिवको सुविधा खोसेको तर सरकारमा रहेका व्यक्तिले भने त्यस्तो सुविधा लिएर आफैँमाथि नैतिकताको प्रश्न खडा गरेको बताउनुभयो । "प्रधानमन्त्री आफूले स्वकीय सचिव राख्ने तर हामी सांसदको खोसिएको छ", उहाँले भन्नुभयो । सांसदहरुले विमानस्थलमा अतिविशिष्ट कक्ष प्रयोग गर्न नपाएको प्रति पनि उहाँको गुनासो थियो ।

सांसद उर्मिला अर्यालले अहिलेको सरकारले बदलाको भावले प्रेरित भएर बजेट कटौती र सेवा सुविधा खोस्ने निर्णय गरेको आरोप लगाउनुभयो । "पुर्वाधार निर्माणका लागि छुट्याइएको बजेट कटौती भएको छ । बजेट कटौती गर्नु भनेको सांसदप्रति बदलाको भावनाजस्तो हुन्छ । यस्तो नहोस्", उहाँले भन्नुभयो ।

राष्ट्रियसभाका सांसदहरुले पनि विभिन्न समयका राजनीतिक परिवर्तनका लागि योगदान दिएको बताउनुहुँदै अहिलेको सरकारले त्यसको सम्मान गर्न नसकेको बताउनुभयो । त्यस्तै, काम सुरु भइसकेका आयोजनामा बजेट कटौती हुँदा त्यसले थप समस्या सृजना गरेको उहाँको भनाइ छ । जेनजी आन्दोलनका घाइतेको सही व्यवस्थापन र रेखदेख भए-नभएकोबारे पनि उहाँले सरकारसँग प्रश्न गर्नुभयो ।

सांसदहरुको जवाफमा अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सरकारका कामप्रति अनावश्यक शङ्का-उपशङ्का र लान्छना लगाउने काम भएको प्रतिक्रिया जनाउनुभयो । "लाञ्छना लगाउने शैलीमा केही विषय आएका छन् । यसमा म के स्पष्ट गर्न चाहान्छु भने, नेपाल सरकारको बजेट बचाएर अर्थमन्त्री र सचिवको कम्पनीमा लगानी भएको छैन । यो गलत हो । यदि हामीले गलत गरेका रहेछौं भने अख्तियारलगायतका निकायले हेर्ने नै छन्", अर्थमन्त्री खनालको भनाइ थियो, "सामाजिक सञ्जालतिर आएका र हल्लाका भरमा अनावश्यक लान्छना लगाउन भएन । हामीलाई सोधेको भए वास्तविकता के हो भन्थ्यौँ । सार्वजनिक रुपमा लाञ्चना लगाउन अघि त्यो साचो हो वा होइन भनेर आफैँ पनि सोधखोज गर्नुपर्थ्यो ।"

सुशासन कायम गर्न र सरकारको कोषलाई व्यवस्थित गर्न यी कदमहरु चालिएको बताउनुहुँदै अर्थमन्त्री खनालले मापदण्ड बमोजिम र कानुनले व्यवस्था गरेका कुनै पनि सेवा सुविधा कटौती नभएको स्पष्ट पार्नुभयो । राष्ट्रियसभा सांसदहरुलाई स्वकीय सचिवलगायतका सेवा सुविधा दिने हो भने कानुन बनाएर जान सकिने पनि उहाँको भनाई थियो ।"म आफैँले स्वकीय सचिव लिएको छैन । घरमा सुरक्षाकर्मी पनि छैनन् । स्वकीय सचिव नभैकन काम गर्न सकिँदैन भने कानुन बनाएर अनुसुचीमा थप गरेर जान सकिन्छ", अर्थमन्त्री खनालले भन्नुभयो ।

चालु आर्थिक वर्षको बजेटका केही योजना तथा कार्यक्रम कटौती गर्नुमा मुख्यतः बजेट अनुशासन र मितव्ययिता कायम गर्नु ध्येय रहेको उहाँको भनाइ छ । "पूर्वतयारी नभएका, शक्ति र पहुँचका आधारमा अन्तिम समयमा बजेटमा परेका योजना कटौती गरिएको हो । कतिपय मन्त्रालय स्वयंले कार्यान्वयन गर्ने क्षमताभन्दा तीन गुणा बढी आयोजना बजेटमा परेका छन्", अर्थमन्त्री खनालले भन्नुभयो, "अहिले सङ्घीय सरकारको सञ्चित कोष रू दुई खर्ब ३६ अर्ब घाटामा छ । प्रदेश र स्थानीय तहले खर्च गर्न नसकेको रकमले कोष व्यवस्थापन भइरहेको छ ।"

ठेक्का प्रक्रियामा गइसकेका योजना तथा कार्यक्रमको भने बजेट फुकुवा गरिने उहाँले उल्लेख गर्नुभयो । "यदि कटौतीमा परेको कुनै योजना टेण्डर प्रक्रियामा गइसकेको छ भने मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआइएस)मा खुला हुन्छ । अहिले पनि करिब रु १६ अर्ब जति फुकुवा भइसकेको छ", अर्थमन्त्री खनालले भन्नुभयो ।

अहिलेको सरकारले सकेसम्म आगामी सरकारलाई दायित्व थप्ने गरी काम नगर्ने, पूरक बजेट नल्याउने र दीर्घकालीन दायित्व सृजना नगर्ने गरी काम गरिरहेको अर्थमन्त्री खनालको भनाइ छ । त्यस्तै, आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनका लागि खर्च जोहो गर्नुपर्ने र त्यसका लागि विद्यमान बजेटभित्रै स्रोत खोज्नुपर्ने भएकाले अर्थ मन्त्रालयको समस्या पनि सांसदहरुले बुझिदिनुपर्ने उहाँको आग्रह थियो ।रासस

# बूढीगण्डकी जलविद्युत् आयोजना अघि बढाउन सरकार लागिपरेको छ : प्रधानमन्त्री कार्की

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले बूढीगण्डकी जलविद्युत् आयोजनाको काम छिटो अघि बढाउन सरकार लागिपरेको बताउनुभएको छ ।

बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि कम्पनी स्थापना भइसकेको र उक्त पेट्रोलियम पदार्थमा लगाइएको अतिरिक्त करवापतको रकम प्रत्येक वर्ष खातामा जाने व्यवस्थाका लागि आवश्यक प्रक्रिया अघि बढाइने उहाँको भनाइ छ ।यससम्बन्धी प्रक्रिया छिटो अघि बढाउन उहाँले ऊर्जा र अर्थ मन्त्रालयलाई निर्देशन पनि दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। यसै विषयमा प्रधानमन्त्री कार्कीले बुधबार पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलगायत आयोजना प्रभावित क्षेत्र गोरखा र धादिङका केही पूर्वजनप्रनिधिहरू तथा स्थानीय सरोकारवालासँग छलफल गर्नुभयो ।

त्यसक्रममा पूर्वप्रधानमन्त्री भट्टराईले बूढीगण्डकी आयोजना अघि बढाउन सरकारले देखाएको तत्परताप्रति खुसी व्यक्त गर्दै यसलाई केवल विद्युत् आयोजनामा मात्र सीमित नगरी बहुउद्देश्यीय आयोजनामा विकास गर्न छुट्टै प्राधिकरण गठनका लागि सुझाव दिनुभयो । छलफलमा अर्थमन्त्री रामेश्वर खनाल र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अन्य अधिकारीहरूको सहभागिता थियो ।

एक हजार २०० मेगावाटको यस जलविद्युत् आयोजनाको लागत २०७९ मा दुई खर्ब ५५ अर्ब अनुमान गरिएको थियो । अब यो लागत चार खर्ब नाघ्ने अनुमान छ । नेपाल सरकारले जग्गा अधिग्रहण गरी रु ४२ अर्ब स्थानीय जग्गाधनीलाई मुआब्जा दिइसकेको छ । काठमाडौँ, पोखरा र चितवन जस्ता ठूला सहरको बीचमा रहेको यो आयोजना निर्माण सम्पन्न गर्न कम्तीमा आठ वर्ष लाग्ने आंकलन छ ।रासस



# भ्रष्टाचार अन्त्य भएपछि मुलुक समृद्धिको दिशामा अघि बढ्छ : मन्त्री घिसिङ



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले भ्रष्टाचार अन्त्य भएपछि मुलुक समृद्धिको दिशामा अघि बढ्ने बताउनुभएको छ । उज्यालो नेपाल पार्टीको घोषणासभालाई बुधबार यहाँ सम्बोधन गर्दै उहाँले सुशासन नै समृद्धिको प्रमुख आधार भएको बताउनुभयो ।

"नेपाल समृद्ध हुन धेरै बेर लाग्दैन । समृद्धिको आधार सुशासन हो, जेनजी आन्दोलनले भ्रष्टाचार मुक्त देशको विषय उठाएको हो । भ्रष्टाचार मुक्त देश बन्न सक्यो भने समृद्धितर्फ अघि बढ्छ", मन्त्री घिसिङले भन्नुभयो ।

सही पात्र सक्रिय राजनीतिमा आउनुपर्नेमा जोड दिँदै उहाँले सही पार्टी र नेतृत्व चुन्ने बेला आएको बताउनुभयो । राजनीतिमा जनविश्वास सबैभन्दा महत्त्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री घिसिङले विगतदेखिका निराशा र आक्रोश जेनजी आन्दोलनका रूपमा विस्फोट भएको तर्क गर्नुभयो । उहाँले जेनजी आन्दोलनपछिको परिवर्तनलाई संस्थागत गर्दै मुलुकलाई अग्रगामी दिशामा लैजान वर्तमान सरकार केन्द्रित भइरहेको स्पष्ट पार्नुभयो । "आसन्न निर्वाचनले जेनजी परिवर्तनलाई संस्थागत गर्नेछ । अब पविर्तनको नेतृत्व नयाँ र विकल्प दिन सक्ने व्यक्तित्व, संस्था र पार्टीले गर्नुपर्छ", मन्त्री घिसिङले भन्नुभयो, "यसका लागि आमजनसमुदायको भावनाअनुसार सबै बैकल्पिक शक्ति एक ठाउँमा आउनुपर्छ । जस्तो सुकै परिस्थितिमा पनि एकताबद्ध भएर परिवर्तनलाई परिणाम दिने अवस्थामा लैजानुपर्छ ।"

पूर्वमन्त्री सुमना श्रेष्ठले बैकल्पिक शक्ति एकताबद्ध हुन नसक्दा निर्वाचनमार्फत पूरानै राजनीतिक दलहरू हाबी हुनसक्ने औँल्याउँदै अहिलेको अवस्थामा विकल्प दिन चाहने शक्तिहरू एक हुनुपर्नेमा जोड दिनुभयो । उज्यालो नेपाल पार्टीकी नेत्री रिमा विश्वकर्माले देश र जनताले परिणाम दिनसक्ने नेतृत्व खोजिरहेको जनाउँदै क्षमतावान् व्यक्तित्वले राजनीतिमा हस्तक्षेप बढाउनुपर्ने बताउनुभयो । त्यसक्रममा मन्त्री घिसिङले सो पार्टीको आधिकारिक वेवसाइट शुभारम्भ गर्नुभएको थियो ।रासस

# राज्यका सबै संरचनामा अपाङ्गता भएका व्यक्तिको समान सहभागिता हुनुपर्छः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले अपाङ्गता भएका व्यक्तिको संवैधानिक तथा कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको ३४औँ अन्तरराष्ट्रिय दिवसका अवसरमा बुधबार स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइको सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना गर्दै उहाँले शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरबाट वञ्चित अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी राज्यबाट प्रदान गरिने सबै सुविधा र अवसरमा समान पहुँच स्थापित गर्न जरुरी भएको बताउनुभयो ।

उहाँले भन्नुभएको छ, "नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको छ, संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समान, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने अपेक्षा गरेको छ, अपाङ्गताका आधारमा गरिने सबै प्रकारका विभेदलाई निषेध गर्दै उहाँहरूलाई समान तथा अर्थपूर्ण रूपमा मानवीय सहभागिता गराउने मनशाय संविधानले लिएको छ ।"

अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यालय, विद्यालय, सार्वनजिक सवारी, सडक, पार्क, मठमन्दिर, सरकारी र सार्वजनिक एवं निजी संरचना आदिमा उहाँहरूको आवश्यकताअनुसारको मैत्रीपूर्ण भौतिक संरचना तथा अन्य आवश्यक वातावरण तयार गरी आवश्यक सुविधा उपलब्ध गराउनु आजको आवश्यकता रहेको राष्ट्रपति पौडेलको भनाइ छ ।

उहाँले भन्नुभएको छ, "अपाङ्गता भएका व्यक्तिहरूप्रति समाजमा रहेका नकारात्मक भावनामा परिवर्तन ल्याइ समावेशिता, समानता, मानवअधिकारपहुँचयोग्यवातावरणएवं भेदभावविहीन समाजको निर्माण गर्दै अपाङ्गता भएका व्यक्तिहरूको न्यायपूर्ण सहभागिता सुनिश्चित गर्न सरकार, परिवार, समाज तथा सङ्घ संस्थाहरूको एकल र सामूहिक भूमिका अभिवृद्धिमा यस दिवसले थप बल पुऱ्याउने मैले विश्वास लिएको छु ।"

अपाङ्गता भएका नागरकिहरूको हकअधिकार प्रवर्द्धनका लागि संयुक्त राष्ट्रसङ्घको पहलमा सन् १९९२ देखि हरेक वर्ष डिसेम्बर ३ तारिखका दिन विश्वभर अपाङ्गता भएका व्यक्तिहरूको अन्तरराष्ट्रिय दिवस मनाउन थालिएको हो । यसवर्ष 'अपाङ्गता समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन' भन्ने राष्ट्रिय नाराका साथ नेपालमा विभिन्नि कार्यक्रमहरू आयोजना गरी यो दिवस मनाइँदैछ । रासस

# एमाले महाधिवेशनको तयारी तीव्र

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आसन्न ११ औँ राष्ट्रिय महाधिवेशनको तयारी तीव्र रुपमा अघि बढाइएको छ ।

महाधिवेशन व्यवस्थापन तयारीका विषयमा बुधबार सो पार्टीको केन्द्रीय कार्यालय, च्यासलमा महासचिव शङ्कर पोखरेलसहितका नेताहरूबीच छलफल भएको छ । छलफलमा उपमहासचिवहरू प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, विष्णु रिमाल, सचिवहरू, तोकिएका सङ्गठन विभागका प्रमुखसहित विभागीय प्रमुखहरू, स्थायी कमिटी सदस्य, पोलिटब्युरो सदस्य तथा व्यवस्थापन समिति सचिवालयमा रहेका अन्य नेताहरू सहभागी थिए । महाधिवेशनका लागि जिल्ला र प्रवासहरूबाट प्राप्त प्रतिनिधिको सूचीलाई केन्द्रीय सङ्गठन विभागले अन्तिम रूप दिने कार्य गरिरहेको बैठकमा जानकारी गराइएको छ । गत मङ्सिर १३ गते सबै मातहतका कमिटी र जनसङ्गठनमा देखिएका विवाद समाधान भएपछि प्रतिनिधि सूची पूर्णरूपमा केही दिनमै टुङ्गो लाग्ने जनाइएको छ । ओखलढुङ्गा र धनकुटाका विवाद बाहेक अन्यका महाधिवेशन प्रतिनिधिको सूची तयार भइसकेको छ ।

बैठकपछि उपमहासचिव ज्ञवालीले महाधिवेशनका सबै तयारीहरू उत्साहजनक रूपमा अगाडि बढिरहेको जानकारी दिनुभयो । महाधिवेशनमा करिब दुई हजार चार सय भन्दा बढी प्रतिनिधि सहभागी हुने प्रारम्भिक अनुमान गरिएको छ । देशभरका प्रदेश, जिल्ला, जनसंगठन तथा मोर्चा संगठनहरूबाट चयन हुने प्रतिनिधिहरूले नेतृत्वसम्बन्धी महत्त्वपूर्ण निर्णयमा सहभागी हुनेछन् । महाधिवेशन यही मङ्सिर २७ गते भक्तपुरको सल्लाघारीमा हुने कार्यक्रम छ ।रासस

# मोदी-पुटिन भेट : तेल आयातदेखि रक्षा सहयोगसम्म भारत-रूस एजेन्डा

**एपी**

नयाँदिल्ली ।रूसी राष्ट्रपति भ्लादिमिर पुटिन यसै हप्ता भारतको राजकीय भ्रमणमा आउनुहुनेछ । भ्रमणका क्रममा उहाँ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच आर्थिक, ऊर्जा तथा रक्षा सम्बन्धलाई थप मजबुत बनाउने उद्देश्यले उच्चस्तरीय वार्ता हुने भएको छ।



यो भेटलाई भारतले मस्को र वासिङ्टनबीचको आफ्नो सन्तुलित कूटनीतिक हैसियत कायम राख्नुपर्ने संवेदनशील क्षणका रुपमा पनि हेरिएको छ।

पुटिन बिहीबार नयाँदिल्ली आइपुग्नुहुनेछ र शुक्रबार मोदीसँग हुने औपचारिक वार्तामा दुवै पक्षले द्विपक्षीय प्रगतिसमेत समीक्षा गर्ने, आपसी हितका प्रमुख विषयमा छलफल गर्ने र थुप्रै विभागीय तथा व्यापारिक सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ।

भारतले छुटदरमा रूसी तेल खरिद जारी राख्दै आएको अवस्थामा यो भेट हुँदैछ, यद्यपि वासिङ्टनले यसले अप्रत्यक्ष रूपमा मस्कोको युद्ध प्रयासलाई सघाइरहेको आरोप लगाउँदै आएको छ। ट्रम्प प्रशासनले यही दबाबस्वरूप भारतीय आयातमा कुल ५० प्रतिशत भन्सार शुल्क लगाइसकेको छ । भारतले भने आफ्नो एक अर्ब ४० करोड जनसङ्ख्याको बढ्दो ऊर्जा माग पूरा गर्न आयात अपरिहार्य भएको स्पष्ट पारेको छ।

सन् २०२१ पछि पुटिनको यो पहिलो भारत भ्रमण हो । मोदी गत वर्ष मस्कोमा हुनुहुन्थ्यो र दुवै नेताले यस वर्ष सेप्टेम्बरमा चीनमा भएको साङ्घाई सहयोग सङ्गठन (एससिओ) शिखर सम्मेलनका क्रममा छोटो भेटघाट गर्नुभएको थियो।

यसपटकको शिखर सम्मेलन अमेरिकाले पुनः अघि सारेको युक्रेन शान्ति प्रस्तावका कारण अझै संवेदनशील बनेको छ, किनकि केही पक्षले सो प्रस्ताव रूससहित झुकिएको भन्दै आलोचना गरेका छन् । भारतले युक्रेन युद्धमा रूसको खुला निन्दा नगरे पनि मोदीले वार्तामै आधारित शान्तिपूर्ण समाधानको आवश्यकता दोहोऱ्याउँदै आउनुभएको छ। विश्लेषकहरूका अनुसार भारत खुलेर मध्यस्थतामा उत्रिन इच्छुक नदेखिए पनि पर्दा पछाडिबाट कूटनीतिक प्रयत्नलाई अस्वीकार गर्न सकिँदैन र मोदीले पुटिनलाई केही युक्रेनी तथा युरोपेली चिन्ताहरू समेट्न प्रेरित गर्न प्रयास गर्न सक्नुहुने अनुमान गरिएको छ।

आर्थिक सहकार्य यसपटकको मुख्य एजेन्डा रहनेछ। भारतीय अधिकारीहरूका अनुसार दुवै देशले व्यापार सहजता, समुद्री सहकार्य, स्वास्थ्य सेवा तथा मिडिया आदानप्रदानजस्ता विषयमा कागजातको प्याकेजमा काम गरिरहेका छन् । भारतले रूसमा औषधि, कृषि तथा कपडाको निर्यात बढाउन चाहेको छ र गैर-शुल्क अवरोध हटाउने अपेक्षा राखेको छ। यसैगरी दीर्घकालीन मल आपूर्ति र भारतीय दक्ष कामदारहरूको सुरक्षित तथा विनियमित रोजगार मार्गसम्बन्धी सम्झौता अन्तिम चरणमा पुगेको बताइएको छ।

साथै, रूसी तेल खरिदबारे अमेरिकाको तीव्र दबाब यथावत् रहेको छ । ट्रम्प प्रशासनले अगस्टमा भारतीय आयातमा ५० प्रतिशत शुल्क लगाइदिएपछि दबाब झनै बढेको छ। भारतले भने अन्तर्राष्ट्रिय प्रतिबन्धको पूर्ण पालन गरिरहेको र राष्ट्रिय हितअनुसार ऊर्जा सुरक्षा प्राथमिकता भएको स्पष्ट पारेको छ।

रूसका प्रमुख तेल उत्पादक कम्पनी रोजनेफ्ट र ल्युकआयल अमेरिकी प्रतिबन्धमा परेपछि भारतीय आयात रणनीति थप जटिल बन्न पुगेको बताइन्छ । यद्यपि भारतले रूसी ऊर्जा आपूर्ति पूर्णरूपमा बन्द गर्ने कुनै योजना नरहेको स्पष्ट गरेको छ।

ऊर्जा क्षेत्रका अन्य प्रमुख विषयमा पूर्वी रूसमा भारतीय लगानी र नागरिक आणविक सहकार्यको विस्तार छन् । तमिलनाडुस्थित रूसी सहयोगमा निर्माण भइरहेको कुडानकुलम आणविक विद्युत् परियोजना यस सहकार्यको केन्द्रमा रहँदै आएको छ।

रक्षा सहकार्य पनि वार्ताको मूल अंश हुनेछ । विशेष गरी भारतले सन् २०१८ को करिब पाँच अर्ब ४० करोड डलरको सम्झौताअनुसार बाँकी रहेका एस-४०० सतह-देखि-हवा मिसाइल स्क्वाड्रनको छिटो डेलिभरीका लागि दबाब दिन लागेको छ, किनकि युद्धका कारण रूसी आपूर्ति शृङ्खलामा अवरोध देखिएको छ । थप एस-४०० एकाइ वा अपग्रेड संस्करणको सम्भावना खोले पनि तत्काल कुनै घोषणा हुने अपेक्षा गरिएको छैन।

यसबाहेक, सु-३० एमकेआई लडाकू विमानको स्तरोन्नति, महत्त्वपूर्ण रणनीतिक हार्डवेयरहरूको शीघ्र आपूर्ति, संयुक्त अभ्यास तथा विपद् व्यवस्थापनमा समन्वय विस्तारका विषयमा पनि छलफल हुनेछ । भारतले पछिल्लो समय रक्षा खरीदका स्रोत विविधीकरण गरे पनि रूस त्यसको सबैभन्दा ठूलो आपूर्तिकर्ता रहँदै आएको छ । रूसले अत्याधुनिक स्टिल्थ लडाकू सु-५७ भारतलाई उपलब्ध गराउने इच्छा व्यक्त गरिरहेका भए पनि नयाँदिल्लीले अन्य विकल्प पनि खुला नै राखेको छ।

# पुटिनको शान्ति-अनिच्छा आरोपबीच क्रेमलिन-अमेरिकी दूत वार्ता निष्फल

**एपी**

किएभ । अमेरिकी दूतहरूसँग पाँच घण्टासम्म क्रेमलिनमा चलेको वार्ताले कुनै प्रगति नदेखाएपछि युक्रेनी तथा युरोपेली अधिकारीहरूले बुधबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई शान्ति प्रयासप्रति चासो नदेखाएको आरोप लगाएका छन् । यद्यपि, वार्ता भने आगामी दिनमा निरन्तर जारी रहने अपेक्षा गरिएको छ।

युक्रेनका विदेशमन्त्री एन्ड्री सिबिहाले पुटिनले 'विश्वको समय बर्बाद गर्न बन्द गर्नुपर्ने' कठोर टिप्पणी गर्नुभयो । यसैगरी, बेलायतका विदेशमन्त्री यभेट कुपरले पनि पुटिनलाई 'ब्लस्टर र रक्तपात अन्त्य गर्दै न्यायपूर्ण र दीर्घकालीन शान्तिका लागि वार्ता टेबलमा आउन तयार हुन' आग्रह गर्नुभयो ।



मङ्गलबार मस्कोमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ विटकफ र उहाँका ज्वाइँ जारेड कुशनरसँग पुटिनले भेटवार्ता गर्नुभएको थियो । जनवरीमा ट्रम्प पुनः पदमा फर्किएपछि उहाँले शान्ति सम्झौता वार्तामा देखिएको असहजतालाई तोड्न यो भेट अर्को प्रयासका रूपमा हेर्नुभएको वासिङ्टनको तर्क छ ।रूसी र अमेरिकी पक्षबीच वार्ताको संवेदनशील विषयवस्तु गोप्य राख्ने सहमति भए पनि प्रमुख अड्को भने त्यही रहेको छ–फेब्रुअरी २०२२ को आक्रमणपछि रुसले कब्जामा राखिरहेको युक्रेनी भूभाग उसैका लागि कायम रहने कि न रहने ।

पुटिनका वरिष्ठ सल्लाहकार युरी उसाकोभले क्षेत्रीय मुद्दामा ' अहिलेसम्म कुनै सहमति भएको छैन' भन्दै क्रेमलिनलाई हालको सङ्कटको कुनै छिटो समाधान देखिन नसकेको टिप्पणी गर्नुभयो। युक्रेनले पनि कब्जा गरिएका भूभाग कुनै हालतमा नछोड्ने दृढतामा अडिग रहँदै आएको छ।

उसाकोभका अनुसार अमेरिकी टोलीसँगको संवाद 'बरु उपयोगी, रचनात्मक र ठोस' रह्यो । तर, अमेरिकी शान्ति प्रस्तावका ' विशिष्ट शब्दहरू' अझै छलफलको चरणमै रहेको उहाँको भनाइ थियो ।वार्ताअघि नै पुटिनले युरोपेली मुलुकहरूमाथि शान्ति प्रयास विफल बनाउन खोजेको आरोप लगाउँदै कडा चेतावनी दिनुभएको थियो । 'हामी युरोपसँग लड्न चाहँदैनौं, तर यदि युरोप आफूले नै युद्ध सुरु गर्न चाहन्छ भने हामी पूर्ण रूपमा तयार छौं' भन्ने उहाँको टिप्पणीले करिब चार वर्षदेखि जारी युद्ध रोक्ने प्रयासमा अझ तनाव थपिएको थियो ।

### युरोपेली सहयोग थप सुदृढ

ब्रसेल्समा बसेको युरोपेली नाटो देशका विदेशमन्त्रीहरूको बैठकमा पुटिनप्रति धैर्य लगभग समाप्त भएको सङ्केत देखियो ।एस्टोनियाका विदेशमन्त्री मार्गस साहकनाले 'पुटिनले कुनै मार्ग परिवर्तन नगरी उल्टै युद्धभूमिमा थप आक्रामकता देखाइरहेको' आरोप लगाउँदै 'उहाँ शान्ति नै चाहनुहुन्न' भन्ने टिप्पणी गर्नुभयो ।

फिनल्यान्डकी विदेशमन्त्री एलिना वाल्टोनेनले पनि रुसबाट 'कुनै छुट वा लचकता नदेखिएको' भन्दै पूर्ण युद्धविराम नै विश्वास निर्माणको प्रारम्भिक आधार हुनुपर्ने बताउनुभयो ।नाटोका महासचिव मार्क रुटले युक्रेनका साझेदार राष्ट्रहरूले मस्कोमाथि दबाब कायम राख्दै सैन्य सहयोग बढाउँदै जाने स्पष्ट पार्नुभयो। "शान्ति वार्ता चलिरहनु सकारात्मक हो, तर वार्ता कहिले निष्कर्षमा पुग्छ भन्ने अनिश्चितताबीच युक्रेन सबैभन्दा बलियो अवस्थामा रहनु आवश्यक छ", उहाँले भन्नुभयो ।

क्यानाडा, जर्मनी, पोल्यान्ड र नेदरल्यान्ड्सले युक्रेनलाई प्रदान गर्न अमेरिकी हतियार खरिदका लागि करोडौँ डलर खर्च गर्ने घोषणा गरेका छन् । गत अगस्टदेखि युरोपेली नाटो मुलुकहरूले 'पियुआरएल' नामक वित्तीय संरचनामार्फत युक्रेनका प्राथमिकताका आधारमा अमेरिकी हतियारहरू खरिद गर्दै आएका छन् ।

# तीन दशकअघि एकेडेमी हाँक्दै अहिले क्यानको सफल नेतृत्वकर्ता

काठमाण्डु । सुदूरपश्चिमको पहाडी जिल्ला बैतडी । बैतडी, सहिद दशरथ चन्दको जन्मभूमि हुँदै उहाँका नामबाट तीन दशकअघि नै यहाँ दशरथ चन्द एकेडेमी सञ्चालनमा आयो। सहिद भूमि तर क्रिकेटलगायतका खेल संरचना र पूर्वाधार नभएको दशकौँअघिको एडेकेमीको परिकल्पनाले बैतडीलाई आज सहिद भूमि मात्रै नभएर क्रिकेट चलायमान बनाउने जिल्लाका रुपमा पनि परिचय बनाएको छ।



बैतडीसँगै सुदूरपश्चिमको क्रिकेट खेललाई चलायमान बनाउन त्यो बेला दशरथ चन्द एकेडेमीको नेतृत्व गरेका चतुरबहादुर चन्द अहिले नेपाल क्रिकेट सङ्घ (क्यान) को केन्द्रीय अध्यक्ष हुनुहुन्छ। तीन दशकदेखि क्रिकेटको विकासमा योजनाबद्ध रुपमा अघि बढ्दै आएका चतुरबहादुर नेतृत्वको क्रिकेट सङ्घ नेपाली खेलकुदको इतिहासमा एनपिएलमार्फत आमनेपालीको मन मष्तिकमा राम्रो छाप छोड्न सफल भएको छ । नेपाली खेलकुद इतिहासकै सर्वाधिक धनराशीको दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल ) काठमाडौँमा जारी रहँदा त्यसको उमङ्ग सुदूरपश्चिमको सिमान्त सहर महेन्द्रनगरदेखि पूर्वको झापासम्म छ।

एनपिएलका कारण विष्फोटक रुपमा चर्चामा आएको क्रिकेट अहिले हरेक चियापसलदेखि गाउँघरका चौतारीसम्म चर्चा र चासोको विषय बन्नुमा क्यान र त्यसको नेतृत्व गरेका अध्यक्ष चतुरबहादुरसहितको टोलीलाई जान्छ। चन्द बैतडीमा ३० वर्ष पहिला स्थापना भएको दशरथचन्द एकेडेमीका संस्थापक हुनुहुन्छ। एकेडेमी स्थापनापश्चात् जिल्लामा उमेर समूहका प्रतियोगिता सञ्चालन गर्दिँदै आएका छन् । प्रतियोगिता सँगसँगै जिल्ला क्रिकेट सङ्घलाई आधिकारिकता प्रदान क्लब दर्तालगायतका काम बैतडीमा भएका थिए। भौगोलिक विकटता भए पनि अन्यत्रको तुलनामा बैतडीमा क्रिकेटको क्रेज विगतदेखि नै थियो।

बैतडी जिल्ला दशरथचन्द नगरपालिका-५ घर भएका अध्यक्ष चन्दको यो सफलताको पछाडि उहाँले गर्नुभएको ठूलो सङ्घर्ष रहेको छ। सुदूरपश्चिम प्रदेशबाट नेपाली क्रिकेट जगतमा खेलाडीको उपस्थिती अत्यधिक हुनुमा पनि अध्यक्ष चन्दलाई नै श्रेय जान्छ।

बैतडी जिल्ला क्रिकेट सङ्घका संस्थापक अध्यक्ष हुँदै प्रदेश र केन्द्रीय अध्यक्ष पुग्दासम्म क्रिकेटको विकासमा चन्दको योगदान अतुलनीय छ । विकास क्षेत्र रहँदा सुदूरपश्चिमका खेलाडीले नेपालगञ्ज पुगेर खेल्नुपर्ने बाध्यता अन्त्य गर्दै क्षेत्र नम्बर ६ बैतडी स्थापना गरेर सुदूरपश्चिममा उहाँले क्रिकेटको विकास थाल्नुभयो । त्यसपछि नै सुदूरपश्चिमका खेलाडीको राष्ट्रियस्तरमा आफ्नो उपस्थिति बढाउँदै लगको इतिहास छ। उक्त विषयले अझै निरन्तरता पाउँदै गएको छ।

चतुरबहादुरकै जगले गर्दा हाल पनि बैतडीसहित सुदूरपश्चिम प्रदेश क्रिकेटको उर्बरभूमिका रुपमा चिनिन सफल भएको छ। अनुपातमा बैतडी र महेन्द्रनगर क्रिकेट खेलाडी उत्पादनका हिसाबले अग्रस्थानमा देखिन्छन् । विश्व क्रिकेटको नजरमा हाल रहेको एनपिएलको उचाइ बढ्नुमा उहाँकै नेतृत्वदायी भूमिका छ।

ठूलो सङ्ख्यामा विदेशी क्रिकेटरको आगमन, करोडौँको लगानी, विश्वकै अग्रणी स्पोर्ट्र्स च्यानल स्टार स्पोर्ट्र्समा प्रत्यक्ष प्रसारण, त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानको स्तरोन्नतिका साथ नेपालमा क्रिकेटको क्रेजले गर्दा एनपिएलले अधिक चर्चा पाएको हो । एनपिएल सफल हुन र विश्वकै ध्यान तानिनुको श्रेय नेपाली क्रिकेटको सर्वोच्च संस्था आयोजक क्यानलाई जान्छ । दोस्रो संस्करणसम्म पुऱ्याउन अहम् भूमिका क्यानका अध्यक्ष चतुरबहादुरको रहेको छ। नेपालमा स्तरीय क्रिकेट प्रतियोगिता एनपिएल गर्ने चन्दको सपना पूरा भएको छ।

सन् २०१९ मा अन्तरराष्ट्रिय क्रिकेट परिषद्ले गराएको निर्वाचनमार्फत पहिलो पटक वैधानिक रूपमा अध्यक्ष चुनिएपछि दोस्रो बैठकमै अध्यक्ष चन्दले नेपाल क्रिकेट सङ्घको आफ्नै फ्रेन्चाइज लिग हुनुपर्छ भन्दै एनपिएलको आयोजना गर्ने निर्णय गर्नुभएको थियो । सो समय सञ्चालनमा रहेका तीन फ्रेन्चाइज क्रिकेट एभरेस्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग र पोखरा प्रिमियर लिगलाई क्षेत्रीय लिगका रूपमा मान्यता दिनुका साथै एनपिएल गर्ने एजेन्डा समेत अघि बढाउने निर्णय गरिएको थियो।

क्यानले सोही अवधारणा अनुसार तीन वर्ष अगाडि नेपाल टि-२० लिगको आयोजना गरेको थियो । पहिलोपटक विभिन्न बाधा अवरोधका बीच नेपाल टी-२० लिग सम्पन्न भयो। तर सोचेअनुसार प्रतियोगिता सम्पन्न हुन नसके पनि सिकाइका रुपमा लियो। सोही सिकाइपश्चात् अध्यक्ष चन्दले आफ्नो नयाँ कार्यकालमा नेपाल प्रिमियर लिग(एनपिएल) को आवधारणा अगाडि बढाउनुभयो।

अध्यक्ष चन्दले एनपिएल सफल पार्न सचिव पारस खड्काको संयोजकत्वमा तीन सदस्यीय गभर्निङ काउन्सिल समिति गठन गर्नुभयो । खड्कालाई अध्यक्ष चन्दले एनपिएल गराउन पूर्ण अधिकार र जिम्मेवारी दिनुभयो । नेपाल क्रिकेट सङ्घ (क्यान) अध्यक्षात्मक प्रणालीमा सञ्चालन हुने संस्था हो, जहाँ अध्यक्षको नेतृत्व र निर्देशनमा सङ्घका सबै गतिविधि र निर्णयहरू अगाडि बढाइन्छन् । क्यानले आफ्नो संस्थागत संरचनाभित्र सबै सदस्यहरूको भूमिकालाई स्पष्ट रूपमा परिभाषित गर्दै, सामूहिक सहकार्य र जिम्मेवारीको बोधमार्फत लक्ष्य प्राप्तिका लागि काम गर्ने संस्था हो ।

एनपिएलको सफल आयोजना यसको उत्कृष्ट उदाहरण हो । अध्यक्ष चन्दको कुशल नेतृत्वमा, गभर्निङ काउन्सिलका संयोजक एवं सचिव खड्काको महत्वपूर्ण योगदान र सङ्घका सम्पूर्ण साथीहरूको सामूहिक प्रयासले पहिलो संस्करण सफलतापूर्वक सम्पन्न भएर दोस्रो सिजन चलिरहेको छ । अध्यक्षात्मक प्रणालीले नेतृत्वलाई प्रभावकारी बनाउन र संस्थागत संरचनालाई बलियो राख्न मद्दत गर्दछ । यही प्रणालीभित्र सबै सदस्यहरूको आ-आफ्नो जिम्मेवारीप्रतिको समर्पणले नेपाली क्रिकेटलाई अझै उचाइमा पुऱ्याउने मार्ग प्रशस्त गरेको छ।


जिल्ला, प्रदेश हुँदै केन्द्रीय अध्यक्ष बन्न सफल, आलोचनादेखि निलम्बनजस्ता बाधा, अवरोधलाई छिचोल्दै विभिन्न खेमालाई समेत साथमा लिई नेपाली क्रिकेट क्षेत्रलाई विश्वसामु उत्कृष्ट प्रमाणित गर्न सफल तथा पहिलो संस्करणको नेपाल प्रिमियर लिगलाई भव्यता साथ सम्पन्न गर्न चन्दको अहम भूमिका निर्वाह गर्नुभएको छ । एनपिएललाई ठूलो ब्राण्डको रुपमा स्थापित बनाउँदै क्रिकेट प्रेमीमा क्यानप्रति थप विश्वास बढाउन सफल भएको छ। अध्यक्ष चन्दले एनपिएलले नेपाली घरेलु क्रिकेटलाई लोकप्रियताको शिखरमा पुऱ्याउने काम गरेको बताउनुभयो।

"एनपिएलले देशको पहिचान गराएको छ। देशभरका होटेल चलायमान भए, यातायात क्षेत्र व्यस्त बन्यो । यसले खेल पर्यटनलाई बलियो बनाएर देशकै अर्थ व्यवस्थामा ठूलो टेवा दिएको छ", अध्यक्ष चन्दले भन्नुभयो, "पहिलो संस्करणमा क्रिकेटका हस्ती ब्रायन लारा नेपालमा आएपछि नेपालबारे विश्वकै चासो बढ्यो।"

पहिलो संस्करण सफलतापूर्वक सम्पन्न भए पछि सरकारको ध्यान क्रिकेटतर्फ तानियो । त्यसपछि सरकारले कीर्तिपुरमा फ्लडलाइट जडान र प्यारापिट निर्माण गऱ्यो । कञ्चनपुर जिल्ला क्रिकेट सङ्घका अध्यक्ष एवं क्रिकेट सङ्घका केन्द्रीय सदस्य वीरेन्द्रबहादुर चन्दले सुदूरपश्चिमको क्रिकेटको इतिहासमा चतुरबहादुरको ठूलो योगदान रहेको बताउनुभयो।

"सुदूरपश्चिमका आठ जिल्लामा क्रिकेट सङ्घ आधिकारिक रुपमा गठन उहाँले नै गर्नुभएको हो", उहाँले भन्नुभयो, "अहिले पनि सुदूरपश्चिममा क्रिकेट खेल मैदानका लागि उहाँ लागिपर्नुभएको छ।" केन्द्रीय सदस्य चन्दले क्यान नेतृत्वमा पुगेर चतुरबहादुरले नेपाली क्रिकेटलाई यो उचाइमा पुऱ्याउन निकै मेहनत गर्नुभएको बताउनुभयो । "समग्रमा क्यान सफल र सबल बन्दै जानुमा पूरै टोलीको योगदान छ", उहाँले भन्नुभयो। रासस

# झापामा राष्ट्रियस्तरको महिला भलिबल प्रतियोगिता



झापा । जिल्लामै पहिलोपटक बुधबारदेखि अजुनधारामा राष्ट्रियस्तरको खुला महिला भलिबल प्रतियोगिता सुरु हुँदैछ।

अर्जुनधारा नगरपालिकाको नगर खेलकुद विकास समितिको आयोजना र लक्ष्मी माध्यमिक विद्यालयको सहआयोजनामा बुधबारदेखि यही मंसिर २१ गतेसम्म प्रतियोगिता हुने भएको हो।

प्रतियोगिताका लागि अर्जुनधारा-६ मा रहेको लक्ष्मी माविको मैदानमा कोर्ट र प्यारापिट निर्माण गरिएको छ। कोर्टका लागि म्याटको अभावमा मैदानलाई स्तरोन्नति गरिएको विद्यालयका अध्यक्ष वीरबहादुर राईले बताउनुभयो। विद्यालय परिसरमै एक हजार दर्शक क्षमताको बाँसको अस्थायी प्यारापिट बनाइएको छ।

बुधबारको पहिलो खेलमा नेपाल एपिएफ क्लब र एभरेस्ट लुम्बिनी क्लबबीच तथा दोस्रो खेल न्यू डायमण्ड क्लबविरुद्ध कोशी प्रदेश भलिबल टिमले प्रतिस्पर्धा गर्दैछ । मङ्सिर १८ गते पहिलो खेल नेपाल एपिएफ क्वल र त्रिभुवन आर्मी क्वलबीच हुनेछ। त्यस्तै सोही दिन दोस्रो खेलमा न्यू डायमन्डले नेपाल पुलिस क्लबको सामना गर्नेछ । मङ्सिर १९ गते पहिलो खेल एभरेस्ट भलिबल क्लब र त्रिभुवन आर्मी क्लबबीच हुनेछ। सोही दिन दोस्रो खेल कोशी प्रदेश भलिबल टिमले नेपाल पुलिस क्लबको सामना गर्नेछ । प्रतियोगितामा सहभागी छ टोलीलाई दुई समूहमा बाँडिएको छ। समूह 'ए' मा एपिएफ, एभरेष्ट र त्रिभुवन आर्मी छ। त्यस्तै समूह 'बि'मा न्यु डायमण्ड, कोशी प्रदेश र नेपाल पुलिस रहेका छन्।

मङ्सिर २० गते पहिलो सेमिफाइनल खेल समूह 'ए' को विजेता र समूह 'बि' को उपविजेताबीच हुनेछ। सोही दिन अन्तिम सेमिफाइनल खेल समूह 'बि' को विजेता र समूह 'ए' को उपविजेताबीच हुनेछ। फाइनल खेल मङ्सिर २१ गते हुनेछ। प्रतियोगिताको विजेताले रु दुई लाख, दोस्रोले रु एक लाख र तेस्रो हुने टोलीले रु ३० हजार राशिको पुरस्कार पाउने आयोजक समितिका अध्यक्ष सुरेन्द्र धिमालले बताउनुभयो।

त्यस्तै सर्वोत्कृष्ट खेलाडीले रु १५ हजार पाउँदा, प्रत्येक दिनको प्लेयर अफ द म्याचले रु पाँच हजार नगद र ट्रफी प्राप्त गर्नेछन् । बेस्ट स्पाइकर, बेस्ट ब्लकर, बेस्ट सर्भर, बेस्ट सेटर र बेस्ट लिबेरोले रु १० हजार तथा ट्रफी प्राप्त गर्नेछन् ।रासस

# विराटनगरलाई हराउदै लुम्बिनीले प्लेअफको सम्भावनालाई कायम राखे

**टुडे समाचारदाता**

नेपाल प्रिमियर लिगमा विराटनगर किंग्समाथि लुम्बिनी लायन्सले महत्वपूर्ण जित हात पारेको छ।



बुधबार कीर्तिपुरस्थित त्रिवि मैदानमा लुम्बिनीले विराटनगरलाई ५ विकेटले पराजित गरेको हो। विराटनगरले दिएको १४५ रनको लक्ष्य लुम्बिनीले ओपनर डार्शी सर्टको अर्धशतकको मद्दतमा ५ विकेटको क्षतिमा १७.४ ओभरमा पूरा गऱ्यो।

जितसँगै लुम्बिनीको शीर्ष चारमा परेर प्लेअफमा पुग्ने सम्भावना बलियो बनाएको छ। उसले ६ खेलमा ३ जित निकाल्दै ६ अंक जोडेको छ भने चौथो स्थानमा उक्लिएको छ। यता अन्तिम खेलअघि ४ खेलमा जित र ३ खेलमा पराजय भोग्दै ८ अंक भएको विराटनगरले प्लेअफमा पुग्न अझै कुर्न पर्ने भएको छ।अन्तिम खेलमा लुम्बिनीले जनकपुर बोल्ट्स र विराटनगरले सुदूरपश्चिम रोयल्ससँग खेल्दैछन्। अन्तिम खेलमा लुम्बिनीका लागि जित आवश्यक छ। तर विराटनगरले भने हार ब्याहोरे पनि रनरेटको आधारमा प्लेअफमा पुग्न सक्छ।बुधबार महत्वपूर्ण जित निकालेको लुम्बिनीको जितमा ओनपर डार्शी सर्टले अर्धशतक प्रहार गरे। उनले ४४ बलमा ५७ रन बनाउने क्रममा ६ चौका र २ छक्का प्रहार गरे।

अर्को ओपनर सुमित महर्जन भने ११ रनमा आउट भए। कप्तान रोहितकुमार पौडेल डक आउट भए। सुमित र रोहित पौडेल दुवैलाई विराटनगरका सुवास भण्डारीले एकै ओभरमा आउट गरेका थिए। उनले पाँचौ ओभरको पहिलो बलमा सुमितलाई विकेटकिपर साहिल पटेलबाट स्टमपिन गराउदा चौथो बलमा फाप डु प्लेसिसबाट क्याच क्याच गराए। त्यसपछि तेस्रो विकेटका लागि सर्ट र सन्दीप जोराबीच ३६ रनको साझेदारी भयो। जोरालाई विराटनगरका कप्तान सन्दीप लामिछानेले दशौं ओभरको दोस्रो बलमा एलबिडब्लूको धरापमा पारे।

जोरा आउट भएपछि क्रिजमा आएका निशोसन डिक्वेलाले आक्रामक ब्याटिङ गरे। डिक्वेलाले चौथो विकेटका लागि सर्टसँग ४६ रनको साझेदारी गरेका थिए। सर्टलाई सन्दीपले १४औं ओभरको दोस्रो बलमा बाउन्ड्रीमा लोकेश बमबाट क्याच गराएका थिए। दिलिप नाथ १२ बलमा १६ रन बनाएर आउट भए भने डिक्वेलाले २२ बलमा नटआउट २९ रन बनाए।

बलिङमा विराटनगरका सुवास भण्डारी र सन्दीप लामिछानेले २-२ विकेट लिए। सन्दीपले २० र भण्डारीले ३० रन खर्चिए। बसिर अहमदले १ विकेट हात पारे।टस जितेको लुम्बिनीले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको विराटनगरले ८ विकेटको क्षतिमा १४४ रन बनायो।विराटनगरको ओपनिङ खराब रह्यो। ओपनर जर्ज मुन्सेलाई लुम्बिनीका शेर मल्लले दोस्रो बलमै एलबिडब्लू आउट गरे।

ओपनिङमा आएका डेब्यू खेलाडी फाप डु प्लेसिसले १२ रन मात्र बनाउन सके। उनी तेस्रो ओभरको अन्तिम बलमा लुम्बिनीका स्पिनर अभिशेष गौतमको बलमा विकेटकिपर निशोसन डक्वेलाबाट स्टमपिन भए। त्यसपछि साम हिजलेट र लोकेश बमले तेस्रो विकेटका लागि ५५ रनको साझेदारी गरे। जेजे स्मिटबाट कट एन्ड बउल्ड भएका बमले ४२ बल खेलेर ३५ रन जोड्न सके। उनले २ चौका र २ छक्का प्रहार गरे। त्यसपछि नारायण जोशीलाई शेर मल्लले १४औं ओभरमा ५ रन बनाएर खेलिरहदा एलबिडब्लूको धरापमा पारे।दुई ओभरपछि शेरले अर्को विकेट लिए। उनले हिजलेटलाई दिलिप नाथबाट क्याच गराए। हिजलेटले २० बलमा १ चौका र २ छक्काको मद्दतमा २७ रन बनाए। प्रतिश जिसी ११ रनमा रनआउट भए।

अन्तिम ओभरमा बसिर अहमद २८ रन जोडेर आउट भए। उनले १९ बलमा १ चौका र १ छक्का प्रहार गरे।

# धार्मिक पर्यटकका लागि आकर्षक गन्तव्य बन्दै शालग्राम सङ्ग्रहालय


ढोरपाटन । बागलुङ नगरपालिका-४ कुँडुलेस्थित शालग्राम सङ्ग्रहालयमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ । मानव निर्मित सुरुङभित्र सवा एक लाख शालग्राम शिला एकै पटक देख्न सकिने हुँदा पर्यटक बढेका हुन् ।

विशेष गरी मुस्ताङ घुम्नका लागि आएका पर्यटकहरु यहाँ आउने गरेका छन् । पछिल्लो समय औसतमा दैनिक ३०० पर्यटकले सङ्ग्रहालयको अवलोकन गर्ने गरेका छन् ।

शालग्राम शिलालाई १०० मिटर सुरुङभित्र संरक्षण गरेर राखिएको छ । सार्वजनिक बिदाको दिन एक हजारभन्दा बढी पर्यटक आउने गरेको सङ्ग्रहालयका संरक्षक ऋषि स्वामी प्रपन्नचार्यले जानकारी दिनुभयो ।

पछिल्लो चार महिनामा मात्रै २५ हजारभन्दा बढी पर्यटकले सङ्ग्रहालय अवलोकन गरेको उहाँको भनाइ छ । गत वर्ष झण्डै दुई लाख पर्यटक यहाँ आएको उहाँले बताउनुभयो । सङ्ग्रहालय पाँच वर्षअघि सर्वसाधारणलाई खुला गरिएको थियो ।

त्रिशूल आकारमा सुरुङभित्र रहेको सङ्ग्रहालयसहित त्रिवेणीधाम देखि दामोदर कुण्डसम्मको नक्सा, विभिन्न मठमन्दिरका आकृति बनाइएको छ । सङ्ग्रहालयमा ३०० किलो तौलसम्मका शालग्राम



छन् । ऋषि प्रपन्नचार्यले भन्नुभयो, "नेपालीसहित भारतीय पर्यटकको आकर्षण बढेको छ, सुरुमा खासै पर्यटकको आगमन हुन सकेको थिएन, तर पछिल्लो समय आगन्तुकको सङ्ख्या बढ्दै गएको छ, अहिले सार्वजनिक बिदामा एक हजारभन्दा बढी पर्यटक यहाँ आउँछन्, अरु बेला पनि दुई/तीन सय आइरहेका छन् ।"

पश्चिम नवलपरासीबाट घुम्न आएकी एलिना खनालले सङ्ग्रहालय धार्मिक महत्वको भएको बताउनुभयो । उहाँ मुक्तिनाथ पुगेर फर्कने क्रममा यहाँ आउनुभएको थियो । "यति ठूला सङ्ग्रहालयबारे मलाई थाहा थिएन, यहाँ आएर यति धेरै शालग्र्राम अवलोकन गर्न पाउँदा निकै खुसी लाग्यो", खनालले भन्नुभयो, "कालीगण्डकीमा अहिले शालग्राम पाइन छोडे, तर यहाँ सङ्ग्रहित गरेर राखेको देख्दा अचम्म लाग्यो, यसको संरक्षण गर्न जरुरी छ ।"

शालग्राम सङ्ग्रहालय अवलोकनका लागि चितवनबाट आउनुभएका टीकाराम पाठकले पारिवारिक भ्रमणका लागि यहाँ आएको बताउनुभयो ।

सङ्ग्रहालयमा राखिएका कालिगण्डकी नदीको उत्गमस्थल दामोदरकुण्डदेखित्रिवेणीधामसम्मको नक्सासहितको आकृतिले आकर्षित गरेको उहाँको भनाइ छ ।

शालग्राम सङ्ग्रहालय क्षेत्रमा श्रीरङ्गवेङ्कटेश मुक्तिनारायण मन्दिरलगायतका थुप्रै धार्मिक संरचना निर्माण भएका छन् ।रासस

# एकसय वर्ष पुरानो भुत्तेको जेरी पसल

पोखरा । पोखराको भीमसेन टोलमा एक पुरानो घर छ, सामान्य मर्मत गरिएको तर घरभित्र १०० वर्षको इतिहास छ । बिहानैदेखि यहाँ मानिसको भीड लाग्छ । कतिपयलाई थाहा नहुन सक्छ, किन भीड ? बाहिर न त ठूलो साइनबोर्ड छ, न कुनै ब्यानर । तर भित्र छ पोखराको सबैभन्दा पुरानो र प्रसिद्ध 'भुत्तेको जेरी पसल ।' तातो तेलको गन्ध, चिनीको मीठाससँगै त्यहाँबाट निस्कने धुँवा समेत विशेष लाग्छ । एउटा विशेष स्वादको लागि मानिसहरू घण्टौँ कुर्न तयार हुन्छन् । स्वादिलो जेरीसँग मुख मिठो बनाउन आतुरहरुमा निकै शालिनता र धैर्यता देखिन्छ ।



भुत्ते जेरीको कथा सुरु हुन्छ सिद्धिलाल चुल्याजुबाट । उहाँ १९७० सालमा रोजगारको सिलसिलामा म्यानमार (बर्मा) पुग्नुभएको थियो । सिद्धिलालले त्यहाँ सिकेको पाककला लिएर नेपाल फर्केपछि १९७२ सालमा पोखराको पुरानो भीमसेन टोलमा भुत्तेको मिठाई पसल सञ्चालन गर्नुभयो । व्यवसाय यति लोकप्रिय भयो कि सिद्धिलाललाई 'भुत्ते साहु' भनेर चिनिन थालियो । त्यही नाम समयसँगै रूपान्तरित हुँदै आजको 'भुत्तेको जेरी पसल' बन्न पुग्यो ।

हजुरबुबादेखि छोरासम्म अनि अहिले नातिसम्म यो व्यवसाय घरकै हातले चल्दै आएको छ । सिद्धिलालको निधनपछि आमा मिश्रीमायाले पनि छोराहरुको साथमा व्यवसाय चलाउनुभयो । आमाको पनि निधनपछि कान्छा छोरा राजकुमार चुल्याजुले पुख्यौली थलोमा व्यवसाय सम्हाल्नुभयो । अहिले उहाँको श्रीमती र छोरा एलिस पूर्ण रूपमा सोही व्यवसायमा संलग्न हुनुहुन्छ । तीन पुस्तासम्म जोडिएको यो व्यवसाय आज पोखराको पहिचान र 'ब्राण्ड' बनेको छ ।

व्यवसायमा चुल्याजु परिवारको आफ्नै समय तालिका छ । बिहान ८ बजेदेखि १२ बजे र बेलुका ४:३० देखि साँझ ६:३० बजेसम्म पसल खुला हुन्छ । अधिकांश नेपाली युवाहरू दीर्घकालीन काममा नटिक्ने र विदेश जान नै हतारिने हुँदा चुल्याजु परिवारले अरुमा निर्भर नभई परिवारको जनशक्तिलाई उपयोग गरेर व्यवसाय चलाइरहनुभएको छ ।

"यो त खानेकुराको पसल होनी, एकपटक खाएपछि अर्को दिन आफन्त साथीभाइलाई लिएर आउनुहुन्छ, यो खोज्दै-खोज्दै खानु पर्ने जेरी हो, त्यसैले यसको नाम 'हन्टिङ जेरी' हो" राजकुमारले हाँस्दै साइनबोर्ड नराख्नुको कारण सुनाउनुभयो । "माग बढ्ने बेला त भ्याइनभ्याइ हुन्छ । तर स्वाद, आकार र परम्परामा कहिल्यै सम्झौता गरेका छैनौँ र गर्दैनौँ पनि", उहाँ थप्नुहुन्छ ।

विसं २०१७ मा राजा महेन्द्र पोखरा भ्रमणमा आउँदा सिद्धिलालले रोटीको निकै आर्कषक द्वार बनाउनुभएको थियो रे । त्यो द्वार हेरेर राजा अत्यन्त खुसी भई रत्न मन्दिरमा बोलाएर बक्सिस दिएको विषय आज पनि चुल्याजु परिवारका लागि गर्वको इतिहास बनेको छ । पूर्वराजा ज्ञानेन्द्र शाहले पनि विन्ध्यवासिनी पैदलयात्राको क्रममा यहाँको जेरी खानुभएको थियो । त्यो पलसमेत उहाँहरूले निकै स्मरण गर्नुहुन्छ । चर्चित सेलब्रेटी, पत्रकारहरु पनि सोध्दैखोज्दै आउने गरेको अनुभव राजकुमारले सुनाउनुभयो ।

दसैं, तिहारमा थेगी नसक्नुको भीड हुन्छ । विदेशबाट घर आएकाहरुका लागि अझ विशेष स्थान बनेको छ यो ठाउँ । भुत्तेको जेरी खाएका मात्र होइन, नाम सुनेका पनि एकपटक 'भुत्तेको जेरी' खोज्दै पोखराको पुरानो भीमसेन बजारमा आइपुग्छन् । "देश विदेशबाट भुत्तेको जेरी कहाँ छ ? भनेर खोज्दै आउँदा निकै खुशी लाग्छ", राजकुमार भन्नुहुन्छ । "पहिले जेरी दाउरामा पोलिन्थ्यो, शुद्ध घिउमा हुन्थ्यो, महमा भिजाइन्थ्यो तर समयसँगै अब घिउ, मह नै साह्रै महँगो हुन थाल्यो, चिनी र तेल प्रयोग हुन्छ । तर स्वाद गुम्न नदिउँ भनेर हामी दिनरात मेहनत गर्छौं । रङ प्रयोग गर्दैनौँ । ठूलो, आकर्षक बुट्टा भएको जेरी बनाउँछौँ, ग्राहकले मनपराउनु भएको छ ।" यहाँ जेरीसँगै लाखमरी, खजुर, लालमोहन, फिनी, अनरसासमेत तयार हुन्छन् ।

नेवारी समुदायका पाठपूजा, वार्षिक पूजा हरेकमा यहाँका परिकारको माग निकै बढ्ने गरेको राजकुमारकी श्रीमती दयालक्ष्मी चुल्याजु बताउनुहुन्छ । "चाडपर्व नेवारी समुदायको पर्वहरुमा माग बढी हुन्छ", उहाँ भन्नुहुन्छ । सासु-ससुराको व्यवसायलाई निरन्तरता दिएर ग्राहकको मन जित्न पाउँदा निकै आनन्द लाग्ने उहाँ बताउनुहुन्छ । हजुरबुबाले सन् १९१६ मा सुरु गरेको यो व्यवसायले निरन्तरता दिन पाउनु नै ठूलो अवसर हो", राजकुमारका छोरा एलिस गर्वका साथ बताउनुहुन्छ । एलिसले व्यसायलाई विस्तार गर्दै अझ व्यवस्थित गर्ने सोच भने रहेको बताउनुभयो ।

झण्डै ४४ वर्षपछि भुत्तेको जेरीको स्वाद खोज्दै आउनुभएका भाइरोलोजिष्ट डा विष्णु उपाध्याय छोरा-नातिले निरन्तरता दिएको देख्दा निकै खुसी लागेको बताउनुहुन्छ । "म २०३८/३९ सालतिर म पोखराको रामघाटस्थित चिकित्सा शास्त्र अध्ययन संस्थामा थिएँ, त्यतिबेला यहाँको जेरी खुब खान आउँथे, आज ४४ वर्षपछि पुनः पोखरा आउँदा मलाई त्यो स्वादको याद आयो, यहाँ आएर जेरी खान पाउँदा निकै खुशी लाग्यो ।" भुत्तेको जेरी केबल मिठाई होइन, यो परम्पराको निरन्तरता, परिवारको श्रम र पोखराको पहिचान भएको बताउनुहुन्छ पोखराका अग्रज पत्रकार नारायण कार्की । "घण्टौँ पर्खेर खाने धैर्यता यसको स्वाद नै हो, तीन पुस्ता जोडिएको भुत्तेको जेरी पसल अहिले 'ब्राण्ड' बनेको छ । यो बाजेको पेसाप्रतिको नाति पुस्ताले देखाएको चासो र निरन्तरता निकै सकारात्मक र प्रेरणादायी पक्ष हो ।"रासस

# मुस्ताङमा स्याउको उत्पादन घट्यो, आम्दानी बढ्यो

मुस्ताङ । स्याउ उत्पादनले प्रसिद्ध हिमाली जिल्ला मुस्ताङमा यस वर्ष स्याउ उत्पादन घटे पनि यहाँका किसानले स्याउ बिक्री गरेर आम्दानी भने बढाएका छन् । गत वर्षको तुलनामा यस वर्ष आठ दशमलव ९७ प्रतिशतले स्याउ उत्पादनमा ह्रास आए पनि गत वर्षको भन्दा यस वर्ष स्याउको बजारीकरणबाट रु १६ करोड ५३ लाख बढी आम्दानी बढेको कृषि तथा पशु विकास कार्यालयले जनाएको छ ।



यहाँ गत वर्ष यहाँ उत्पादन भएको स्थानीय र हाइब्रिड स्याउ गरी फार्म गेट औसत मूल्य प्रतिकिलो रु १५५ मा बिक्री भएकामा यस वर्ष प्रति किलो फार्म गेट मुल्य रु १८५ मा बिक्री हुँदा स्याउ बिक्रीबाट आम्दानी बढेको कृषि तथा पशु विकास कार्यालयका प्रमुख राजेश गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्षको स्याउको फार्म गेट मुल्यमा प्रतिकिलो रु ३० ले वृद्धि भएको हो । गत वर्ष मुस्ताङमा सात हजार ३२८ मेट्रिक टन स्याउ उत्पादन भएकामा यस वर्ष छ हजार ६८४ मेट्रिक टन स्याउ उत्पादन भएको छ । केन्द्रका अनुसार गत वर्षको तुलनामा यस वर्ष ६४४ मेट्रिक टन स्याउ कम फलेको हो ।

मुस्ताङमा गत वर्षको तुलनामा स्याउ उत्पादन दर घटे पनि उच्चघनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउको उत्पादनमा भने कुनै असर नपुगेको कार्यालय प्रमुख गुरुङको भनाइ छ । यहाँ गत वर्ष स्थानीय जातको स्याउ छ हजार ७८ मेट्रिक टन र हाइब्रिड स्याउ एक हजार २५० मेट्रिक टन उत्पादन भएको थियो । यस वर्ष स्थानीय जातको स्याउ पाँच हजार २५९ मेट्रिक टन र हाइब्रिड स्याउ एक हजार ४२४ मेट्रिक टन उत्पादन भएको छ । यहाँ गत वर्षको तुलनामा यस वर्ष स्थानीय स्याउमा ८१९ मेट्रिक टन कम फलेको छ भने हाइब्रिड स्याउ १७४ मेट्रिक टन बढी फलेको कार्यालय प्रमुख गुरुङको भनाइ छ ।


मुस्ताङमा यस वर्ष यहाँ उत्पादन भएको ९० प्रतिशत स्याउ जिल्ला बाहिर निर्यात हुँदा रु ९९ करोड २१ लाख ३३ हजार आम्दानी भएको जनाइएको छ । गत वर्ष यहाँ ९० प्रतिशत स्याउ जिल्ला बाहिर निर्यात हुँदा रु ८२ करोड ६८ लाख आम्दानी भएको थियो । गत वर्ष यहाँ स्थानीय स्याउ निर्यात हुँदा रु ६० करोड १८ लाख आम्दानी भएको थियो भने हाइब्रिड स्याउ निर्यात हुँदा रु २२ करोड २५ लाख पाँच हजार आम्दानी भएको थियो । यस वर्ष स्थानीय जातको स्याउ निर्यात गर्दा रु ७१ करोड ७३ हजार आम्दानी भएको थियो । कार्यालयको स्याउ तथ्याङ्कअनुसार गत वर्षभन्दा यस वर्ष स्थानीय स्याउ बिक्रीबाट रु १० करोड ८२ लाख र हाइब्रिड स्याउ बिक्रीबाट रु पाँच करोड ९५ लाख वृद्धि भएको छ ।

यहाँ बर्सेनि कृषि तथा पशु विकास कार्यालय, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना एकाइ, शीतोष्ण बागवानी विकास केन्द्र मार्फा र सम्बन्धित स्थानीय तहका कृषि प्राविधिक लगायतको समन्वयमा माथिल्लो मुस्ताङ, मध्य मुस्ताङ र तल्लो मुस्ताङ क्षेत्रमा तीन भागमा विभाजन गरी स्याउको क्रप कटिङ विधिबाट धेरै फल्ने, मध्यम फल्ने र कम फल्ने स्याउ बगैंचाको उत्पादन लेखाजोखा गरिएको आधारमा उत्पादन र आम्दानी अनुमान गरिएको कार्यालय प्रमुख गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार मुस्ताङमा उत्पादन भएको स्याउ ९० प्रतिशत जिल्ला बाहिर निर्यात भएको र १० प्रतिशत स्याउ जिल्लाभित्र भण्डारण र खपत भएको छ । मुस्ताङका पाँच स्थानीय तहमा गरी कूल ८९९ हेक्टर क्षेत्रफलमा स्याउखेती विस्तार गरिएकोमध्ये ६२७ हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ ।

त्यसमध्ये स्थानीय स्याउको क्षेत्र ८३७ हेक्टरमध्ये ५७२ हेक्टरमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ । यसैगरी ६२ हेक्टर क्षेत्रफलमा लगाइएको उच्चघनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउ बगैंचामध्ये ५५ हेक्टर क्षेत्रफलमा लगाएको स्याउले उत्पादन दिने गरेको कृषि तथा पशु विकास कार्यालयले जनाएको छ ।यहाँ गत वर्षको तुलनामा यस वर्ष स्थानीयतर्फ सात हेक्टर र हाइब्रिडतर्फ दुई हेक्टर क्षेत्रफल विस्तार भएको थियो । मुस्ताङमा एक शुन्य छ प्रतिशतले स्थानीय स्याउ र १० प्रतिशतले हाइब्रिड स्याउको उत्पादनशील क्षेत्र विस्तार भएको कार्यालयले जनाएको छ ।

यहाँ गत वर्ष प्रतिहेक्टर उत्पादकत्व स्थानीय १० दशमलव ७४ मेट्रिक टन रहेकामा यस वर्ष घटेर प्रति हेक्टर उत्पादकत्व नौ दशमलव १९ प्रतिशत रहेको छ । यसैगरी गत वर्ष हाइब्रिड स्याउ प्रति हेक्टर उत्पादकत्व २५ मेट्रिकटन रहेको यस वर्ष २५ दशमलव ९० मेट्रिक टन प्रति हेक्टर उत्पादकत्व रहेको कार्यालय प्रमुख गुरुङले जानकारी दिनुभयो ।मुस्ताङका स्याउ किसानले स्थानीय जातका स्याउमा रेड डेलिसियस, रोयल डेलिसियस, गोल्डेन डेलिसियस, रिचारेड डेलिसियस र फुजी स्याउ उत्पादन गर्छन् । उच्चघनत्व प्रविधिको हाइब्रिड स्याउतर्फ गाला,रेड डेलिसियस, किङ्गरोट, जोना प्रिन्सलगायतका स्याउ उत्पादन हुने गरेको छ ।रासस

# पर्यटक घट्दा बेगनासका डुङ्गा व्यवसायी सङ्कटमा



लेखनाथ । बेगनास तालमा आउने स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्या दश वर्षयता घट्दो क्रममा देखिएपछि यहाँका पर्यटन तथा डुङ्गा व्यवसायी चिन्तित बनेका छन् । पोखराको बैदामस्थित फेवातालमा आउने पर्यटक पनि बेगनास तालमा न्यून मात्रामा पुग्ने गरेपछि डुङ्गा व्यवसायी सङ्कटमा परेका हुन् ।

सार्वजनिक बिदाका दिन बेगनास तालमा घुम्न आउने आन्तरिक पर्यटक केही मात्रामा देखिए पनि विदेशी पर्यटक दुई-चार जना मात्र देखिने गरेका बेगनास तालमा ३७ वर्षदेखि डुङ्गा व्यवसाय गर्दै आउनुभएका मेघनाथ तिवारी बताउनुभयो । विसं २०७२ को भूकम्पसँगै बेगनास तालमा आउने पर्यटकको सङ्ख्या घट्दै गएको जनाउँदै उहाँले कोरोनाका साथै विभिन्न घटनाक्रम र सडकका कारण त्यो सङ्ख्या बढ्न नसकेको धारणा राख्नुभयो । वर्षौंदेखि थला परेको डुङ्गा व्यवसायमा पछिल्ला केही वर्षयता सुधार हुने आशा गरिए पनि मुग्लिङ-पोखरा, तालचोक-बेगनास सडक पुनर्निर्माणका कारण यहाँ पुग्ने पर्यटकको सङ्ख्या घटेको बेगनास तालका डुङ्गा व्यवसायी सोमराज कँडेलले गुनासो गर्नुभयो ।

बेगनास ताल डुङ्गा व्यवसायी समितिका पूर्वअध्यक्ष ढकनाथ कँडेलले डुङ्गा व्यवसायबाट दैनिकी नचलेपछि तीस प्रतिशत व्यवसायीले विकल्पका रूपमा अन्य पेसा रोजेका बताउनुभयो । "बाँकी रहेका व्यवसायी पनि व्यवसायसँगै अन्य काममा समेत संलग्न हुने गरेका छन्", उहाँले भन्नुभयो । पोखरा महानगरपालिका-३१ मा रहेको बेगनास तालमा आन्तरिक पर्यटक नौका विहार र माछाका परिकार खान पुग्ने गर्छन् । माछाका परिकारका लागि बेगनास ताल वर्षौंदेखि प्रसिद्ध मानिँदै आएको छ । "यतिबेला सबै डुङ्गा सञ्चालनमा छैनन्, आलोपालो गरी चलाउने गरिएको छ", डुङ्गा व्यवसायी कँडेलले भन्नुभयो ।

> पोखराको दोस्रो ठूलो बेगनास ३७३ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यहाँ २८० वटा डुङ्गा सञ्चालनमा छन् भने करिब २०० जना डुङ्गा व्यवसायी छन् । "व्यवासयीले डुङ्गाको पालो कुर्न एक साता पर्खनुपर्छ । महिनाको रु तीन हजारले परिवार कसरी चल्न सक्छ", पूर्वअध्यक्ष कँडेलले प्रश्न गर्नुभयो ।

पोखराको दोस्रो ठूलो बेगनास ३७३ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यहाँ २८० वटा डुङ्गा सञ्चालनमा छन् भने करिब २०० जना डुङ्गा व्यवसायी छन् । "व्यवासयीले डुङ्गाको पालो कुर्न एक साता पर्खनुपर्छ । महिनाको रु तीन हजारले परिवार कसरी चल्न सक्छ", पूर्वअध्यक्ष कँडेलले प्रश्न गर्नुभयो ।बेगनास तालमा एक घण्टा नौका विहार गरेबापत व्यवसायीले रु ७०० र पाइडलबोटको रु एक हजार ५०० लिने गरेका बेगसान डुङ्गा व्यवसाय समतिका अध्यक्ष रविराज कँडेलले जानकारी दिनुभयो । "तालमा तीनवटा मोटरबोट भए पनि ती मोटरबोट बराह मन्दिरमा जानआउनका लागि मात्र प्रयोग हुन्छन्", उहाँले भन्नुभयो ।


डुङ्गाबाट ताल वरपरका जङ्गल, बेगनास तथा माझठाना गाउँ, अन्नपूर्ण हिमशृङ्खला, कालिकाको ठूलाकोट, तथा बेगनासको सुन्दरीडाँडाको मनोहर दृश्यावलोकन गर्न सकिन्छ । बेगनास तालमा विसं २०३७ देखि व्यावसायिक रूपमा डुङ्गा सञ्चालन हुँदै आइएको हो । विसं २०५३ अघिसम्म गाउँगाउँमा सडक नखुल्दा यहाँका डुङ्गा व्यवसायका साथै सवारीसाधनका रूपमा प्रयोग हुन्थ्यो । कास्कीको बेगनास, माझठाना, सैमराङ, भाचोक, मिजुरे र लमजुङको पर्यटकीय पसगाउँवासीले डुङ्गामार्फत छोटो बाटोका रूपमा यो ताल प्रयोग गर्दै आएका अध्यक्ष कँडेल जानकारी दिनुभयो ।

बेगनास तालका होटल व्यवसायी सोमबहादुर लालचनका अनुसार पर्यटकको सङ्ख्या दश वर्षदेखि घट्दै भएको छ । "सोही कारणले यहाँको पर्यटन व्यवसाय स्वदेशी पर्यटकले धानिएको छ । एक-दुई जना इजरायली पर्यटक मात्र आउँछन्, उनीहरूले पनि धेरै पैसा खर्च गर्दैनन्", उहाँले भन्नुभयो ।पोखराको फेवातालमा आउने २५ प्रतिशत पर्यटक मात्र बेगनास तालमा पुग्ने गरेमा यहाँको पर्यटन व्यवसाय चलायमान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । "पर्यटकको पर्खाइमा कतिञ्जेल बस्ने हो", लालचनले भन्नुभयो, "होटलका लागि पर्यटक खोज्दै बेगनास ताल आसपास आएर बस्नुपर्ने अवस्था छ ।"रासस

# यस वर्ष २० करोड ६७ लाखको सुन्तला उत्पादन

गुल्मी । जिल्लामा यस वर्ष रु २० करोडभन्दा बढीको सुन्तला उत्पादन भएको छ । गत वर्षको तुलनामा यस पटक जिल्लामा सुन्तलाको उत्पादन घटेको हो । गत वर्ष रु २४ करोड ५० लाखभन्दा बढीको सुन्तला उत्पादन भएकोमा यस पटक उत्पादन ३२ प्रतिशतले घटेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपाने जानकारी दिनुभयो । जिल्लामा यस वर्ष रु २० करोड ६७ लाख ८४ हजारको सुन्तला उत्पादन भएको सूचना अधिकारी न्यौपानेले बताउनुभयो ।

सुन्तलाखेतीबाट मनग्य आम्दानी गर्दै आएका यहाँका कृषकले यस पटक अपेक्षा गरेअनुसार सुन्तला उत्पादन नभएको बताएका छन् । सुन्तलाखेतीबाट यहाँका कतिपय कृषकले वार्षिक रु पाँच लाखभन्दा बढीको सुन्तला बिक्री गर्दै आइरहेका छन् । जिल्लामा उत्पादित सुन्तलामध्ये यस पटक रु दश करोड मूल्य बराबरको सुन्तला मात्र



जिल्ला बाहिर निर्यात हुने कार्यालयले जनाएको छ । गुल्मीबाट गत वर्ष रु १३ करोड बराबरको सुन्तला जिल्ला बाहिर निर्यात भएको थियो ।

सुन्तलाको उत्पादन घट्नुमा बेमौसमी वर्षा, कृषकहरुले बगैंचा व्यवस्थापनमा ध्यान नदिनु, सानैमा फल झर्ने समस्या, रोग/किराको प्रकोप बढ्नु, सुन्तलालाई उचित मलखाद तथा सिँचाइ नहुनु, समयमा सुन्तलाको बोट काँटछाट नगर्नु जस्ता मुख्य कारण रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिनुभएको छ ।

यहाँका कृषकहरुले परम्परागत रुपमा सुन्तलाखेती गर्दै आएका छन् । परम्परागत खेतीका कारण समय समयमा सुन्तलाका फेँद र जरा कुहिने समस्याका कारण सुन्तलाको उत्पादनमा कमी आउँदै जान थालेको धुर्कोट गाउँपालिकाका-२ पिपलधाराका कृषक शिवलाल खनालले बताउनुभयो । सुन्तला बगैंचामा समयमै मलखादको व्यवस्थापन र सूक्ष्म तत्वको प्रयोग गर्नेहो भने उत्पादनमा वृद्धि हुने उहाँको भनाइ छ ।जिल्लामा अधिकांश कृषकहरुले सुन्तला बगैंचामा बिजु बिरुवाहरु रहेका छन् ।रासस

# राष्ट्रिय सभा चुनावका लागि निर्वाचन कार्यक्रम स्वीकृत

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभा निर्वाचनका लागि निर्वाचन आयोगले निर्वाचन कार्यक्रम स्वीकृत गरेको छ।




आयोगले स्वीकृत गरेको कार्यक्रमअनुसार पुस १९ गते बिहान १० बजेदेखि ११ वजेसम्म मतदाता नामावली प्रकाशन हुनेछ।

मतदाता नामावली उपरको दाबी विरोध तथा निवेदन/उजुरी माथि छानबिन गरी पुस २२ गते ३ बजेदेखि ४ बजेसम्म अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ।

पुस २३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम छ। पुस २४ गते बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २७ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो १ बजेदेखि २ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम छ।

पुस २८ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिन्ह सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्रदान गरिने छ।

माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने गरी निर्वाचन कार्यक्रम स्वीकृत भएको छ।

फागुन २० गते राष्ट्रिय सभाका १९ जना सदस्यको कार्यकाल सकिँदै छ। कार्यकाल सकिन लागेकामध्ये बामदेव गौतम राष्ट्रपतिबाट मनोनीत हुन्। बाँकी १८ पदका लागि निर्वाचन हुन लागेको हो।

कोशी प्रदेशबाट तीन, मधेशबाट चार, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिमबाट दुई/दुई, लुम्बिनीबाट तीन सदस्य निर्वाचित हुने छन्।

# 'सभापतिमा म पनि लड्छु'

**महाधिवेशनमा सभापतिमा प्रतिस्पर्धा गर्न तयार रहेको बताएका छन् । तर पार्टीलाई एकतावद्ध बनाउन सकिने हो भने सभापति पद निर्विरोध बनाउनुपर्ने उनको धारणा छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले आगामी १५ औँ महाधिवेशनमा सभापतिमा प्रतिस्पर्धा गर्न तयार रहेको बताएका छन् । तर पार्टीलाई एकतावद्ध बनाउन सकिने हो भने सभापति पद निर्विरोध बनाउनुपर्ने उनको धारणा छ।



डेढ महिनादेखि चलिरहेको आन्तरिक बहसपछि कांग्रेसले पुस २६-२८ गते काठमाडौंमा महाधिवेशन गर्ने निर्णय गरिसकेको छ । निधि यसअघि चुनावअघि महाधिवेशन गर्न नहुने पक्षमा थिए। तर सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँगको छलफलपछि उनी र उनको समूह पनि पुसमै महाधिवेशन गर्न सहमत भएको बताए।

"महाधिवेशन गर्ने निर्णय सर्वसम्मत भइसकेपछि अब हुँदैन भन्न मिल्दैन," निधिले भने। उनको नेतृत्वमा रहेको समूह अहिले करिब ९० जनासम्म पुगेको छ र सभापति पदमा उम्मेदवारी दिने वा नदिने बारे छिट्टै निर्णय हुने उनले बताए।

निधिले पार्टीभित्रका केही नेताहरूले सभापति देउवालाई नै सक्रिय गराउँदै महाधिवेशन पुसमै गर्न दबाब दिएको दाबी गरे । "एकातिर देउवाजीलाई हटाउनुपर्छ भन्छन्, अर्कातिर उहाँकै आशीर्वाद खोज्छन्," उनले कटाक्ष गरे।

उनका अनुसार शशांक कोइराला, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत, विजय गच्छदार, ज्ञानेन्द्रबहादुर कार्कीलगायत नेताहरू समूहमा जोडिँदै आएका छन्।

निधिले कांग्रेसले संविधान र लोकतन्त्र जोगाउने नेतृत्व दिनुपर्ने समय आएको बताएका छन्। "व्यक्तिमुखी प्रचार होइन, सहमतिको नेतृत्व चाहिएको बेला हो। सभापति निर्विरोध बने राम्रो हुन्छ, नभए प्रतिस्पर्धा गर्छु," उनले भने।

विशेष महाधिवेशनबारे उनले भने, "केन्द्रीय समितिले नियमित महाधिवेशनको कार्यतालिका सर्वसम्मतिले पास गरिसकेको छ, विशेष महाधिवेशनको औचित्य सकिएको छ।"

# जनस्वराज पार्टीले मान्यता नपाएपछि सर्वोदय पार्टी दर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टी छोडेकाहरूले गठन गरेको 'जनस्वराज' पार्टीलाई अदालतले मान्यता नदिएपछि नाम परिवर्तन गरेर निर्वाचन आयोगमा दल दर्ता गरिएको छ।

दीपक कुमार साहको नेतृत्वमा 'सर्वोदय' नाम राखेर निर्वाचन आयोगमा दल दर्ता गरिएको छ।



जनमतका उपाध्यक्ष एवं अनुशासन समिति संयोजक समेत रहेका साहलाई जनमतले अनुशासनको कारबाही गरेपछि जनस्वराज पार्टी गठन गरेका थिए।

जनमतले कारबाही गरेका र उक्त पार्टी परित्याग गरेकाहरूले गठन गरेको दललाई मान्यता नदिन माग गर्दै जनमतका अध्यक्ष डा. सिके राउत अदालत गएका थिए। अदालतले जनस्वराजलाई मान्यता दिएन।

अदालतले मान्यता नदिएपछि साहले पार्टीको नाम परिवर्तन गरेर निर्वाचन आयोगमा सर्वोदय पार्टीको नामबाट दल दर्ता गरेका हुन्।

नवगठित सर्वोदय पार्टीको अध्यक्ष साह नै छन् भने चुनाव चिह्न 'मकैको घोगा' राखिएको छ।

# नक्कली नोटसहित तीन जना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एक हजार रुपैयाँको नेपाली रुपैयाँका नक्कली नोटसहित तीन जना पक्राउ परेका छन् ।

प्रहरी चौकी मठिया, महुलिया तथा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउटपोस्ट मठियाबाट खटिएको टोलीले रौतहट ईशनाथ नगरपालिका -४ लत्मरी टोलमा भारतबाट नेपाल आउँदै गरेको बि आर ०५ एटि ०९८३ नम्बरको मोटरसाइकल चेकजाँच गर्न खोज्दा नक्कली नोटसहित एक भारतीय र दुई नेपाली गरी तीन जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप बस्यालले जानकारी दिए।

रौतहट प्रहरीले मोटरसाइकल रोक्न खोज्दा मोटरसाइकल छाडेर नक्कली नोट खेतमा फाल्दै तीनै जना भाग्न खोज्दा प्रहरीले पक्राउ गरेको उनले बताए । उनीहरूले खेतमा फालेका एक हजार दरका एक सय १८ थान नक्कली नोट रौतहट प्रहरीले बरामद गरेको छ।

पक्राउ पर्नेमा रौतहट देवाही गोनाही-४ का रामबाबु पटेलका २१ वर्षीय छोरा गेनालाल पटेल, सोही ठाउँका सोनालाल राउतका २० वर्षीय छोरा अजय पटेल र भारतको पूर्वी चम्पारण चैनपुर-२ का वीरेन्द्र सिंहका २३ वर्षीय छोरा जयप्रकाश कुमार रहेको प्रवक्ता बस्यालले बताए।

उनीहरुको साथबाट तीन थान मोबाइलसमेत बरामद गरिएको छ। सो घटना सम्बन्धमा अनुसन्धान भइरहेको रौतहट प्रहरीले जनाएको छ।

# एचआईभी संक्रमित बढ्यो

**सञ्जय मिश्र**

रौतहट। रौतहट जिल्लामा एचआइभी संक्रमितहरूको संख्या अकल्पनीय रूपमा बढ्दै गएको पाइएको छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार हालसम्म जिल्लाभर ५२२ जनामा एचआईभी संक्रमण पुष्टि भएको छ। तीमध्ये ३२१ पुरुष, १७९ महिला तथा १८ वर्षमुनिका २२ बालबालिका छन्। बालबालिकामध्ये १३ पुरुष र ९ महिला रहेका छन् । क्षयकुष्ठ तथा एचआईभी फोकल पर्सन राजकुमार साहका अनुसार संक्रमित मध्ये ४२० जनाले मात्र नियमित रूपमा औषधि सेवन गरिरहेका छन् । बाँकीले उपचार निरन्तरता नदिनु अझै ठूलो जोखिमका रूपमा देखिएको उनको भनाई रहेको छ।




गत आर्थिक वर्षमा रौतहटमा ४७४ संक्रमित मात्र थिए। सोभन्दा अघिल्लो वर्ष ३३२ संक्रमित रहेका थिए। तर, एक वर्षमै १४२ जना नयाँ संक्रमित थपिनु आफैंमा भयावह संकेत भएको स्वास्थ्यकर्मीहरू बताउँछन्।

खुला सीमा र जोखिमयुक्त व्यवहार प्रमुख कारण सुर्या अस्पताल, बिरगंजका वरिष्ठ डाक्टर सरोज कुमार सिंहका अनुसार भारतसँगको खुला सीमा र दोहोरो आवत-जावतले जोखिम अझ बढाएको छ।

उनका अनुसार जोखिमयुक्त यौन सम्पर्क, मानव तस्करी तथा सेक्सवर्क गतिविधि,

सुरक्षित यौन व्यवहारबारे अपर्याप्त जानकारी, कण्डोम प्रयोगको कमीजस्ता कारणले संक्रमण तीव्र गतिमा बढिरहेको छ।

ग्रामीण बस्तीमा परीक्षण सहज नहुनु अर्को चुनौती ग्रामीण तथा टाढाका बस्तीमा परीक्षण सेवा सहज नपाइने, डर-लाज, सामाजिक कलंक र परीक्षणबारे सचेतना नहुँदा धेरैले समयमै परीक्षण गराउनु छैन।

यसले घटना पहिचान ढिलो हुने र संक्रमण समुदायमै फैलिने खतरालाई तीव्र बनाइरहेको छ।

वैदेशिक रोजगारबाट फर्किनेमा पनि जोखिम बढी रौतहटबाट भारत तथा तेस्रो मुलुकमा ठूलो संख्यामा श्रमिक जान्छन्।

डाक्टर सिंहका अनुसार धेरैजसो संक्रमण विदेशमा जोखिमयुक्त सम्पर्कबाट लिएर फर्किने सम्भावना पनि उच्च छ। रौतहटमा अत्यधिक नदेखिए पनि साझा सुई-सिरिन्ज प्रयोगले संक्रमण फैलने जोखिम रहन्छ।

त्यस्तै संक्रमितहरूमा रोग लुकाउने प्रवृत्तिले उपचारबाट टाढा राख्ने, औषधि अनियमित गर्ने समस्या थपिएको डाक्टर सिंह बताउँछन्।

अज्ञानता, परीक्षणबाट टाढिने, कलंकको डरका कारण पति-पत्नीबीच नै अनजानेमा संक्रमण सर्ने उदाहरणहरू बढी देखिएको स्वास्थ्यकर्मीहरूको अनुभव छ।

सरकारका तीन तहलाई कडा नीति ल्याउन विशेषज्ञको आग्रह रौतहटमा वर्षैपिच्छे बढ्दो एचआईभी संक्रमण रोकथामका लागि संघ, प्रदेश र स्थानीय सरकार सबैले आक्रामक कार्यक्रम,

सहज परीक्षण सेवा, जागरण अभियान र निःसंकोच उपचार वातावरण सुनिश्चित गर्नुपर्ने आवश्यकता स्वास्थ्यकर्मीहरूले जोड दिएका छन्।

रौतहटमा संक्रमण नियन्त्रणका चुनौती जटिल बन्दै जाँदा स्थानीय तथा स्वास्थ्य निकायले समयमै कडा कदम नचाले आगामी दिनमा अवस्था थप गम्भीर बन्न सक्ने चेतावनी विशेषज्ञहरूले दिएका छन्।

# भन्सारले चार महिनामा उठायो ३३ अर्ब राजश्व

**टुडे समाचारदाता**

वीरगञ्ज। चालु आर्थिक वर्षको प्रथम चार महिनामा पाँच प्रकारका पेट्रोलियम पदार्थको आयातबाट २२ अर्ब ९० करोड रुपैयाँ र यातायातका साधन एवं तिनका पार्टपूर्जाबाट १० अर्ब १० करोड रुपैयाँ राजश्व उठाएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

कार्यालयले चालु आवको चार महिनामा फलाम तथा फलामबाट बनेका सामानबाट चार अर्ब ५८ करोड रुपैयाँ, कपडाबाट चार अर्ब २५




करोड रुपैयाँ, मेसिनरी तथा पार्टपूर्जाको आयातबाट तीन अर्ब १७ करोड रुपैयाँ राजश्व संकलन गरिएको छ।

इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपूर्जा आयातबाट तीन अर्ब सात करोड रुपैयाँ राजस्व संकलन गरेको छ। चालु आर्थिक वर्षको चार महिनामा वीरगञ्जबाट दुई खर्ब ८४ अर्ब ८९ करोड रुपैयाँ मूल्य बराबरका वस्तु आयात भएका छन्। कार्यालयले चालु आर्थिक वर्षमा ७५ अर्ब ५९ करोड रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ।

# विदेशी नागरिकमाथि निगरानी बढाउन निर्देशन




**टुडे समाचारदाता**

राजविराज। सीमानाकाबाट अवैध रुपमा विदेशी नागरिक प्रवेश गर्नसक्ने भन्दै निगरानी बढाउन जिल्ला प्रशासन कार्यालय सप्तरीले स्थानीय प्रहरीलाई निर्देशन दिएको छ।

जिल्ला प्रशासन कार्यालयले बुधबार सूचना जारी गर्दै खुला सीमानाकामा सुक्ष्म रुपमा जाँच गर्न निर्देशन दिएको छ। सूचनामा ७८ किलोमिटर सीमानाकाबाट अनुमति लिएर आए/नआएका विदेशी नागरिकलाई पहिचान खुल्ने नागरिकता तथा अन्य परिचयपत्रका आधारमा अभिलेख राखेर आवतजावत गर्ने व्यवस्था मिलाउन नेपाल र सशस्त्र प्रहरीलाई भनिएको छ।

जिल्लामा रहेका विदेशी नागरिकले कानुनविपरीत गर्नसक्ने गतिविधिलाई निरन्तर निगरानीका लागि सघन रुपमा सुरक्षा गस्ती गर्न, लुकिछिपी बसेका विदेशी नागरिकको सूचना संकलन गरी कानुनी दायरामा ल्याउन पनि सुरक्षाकर्मी परिचालन गर्न निर्देशन दिइएको छ।

स्थानीयसँग पनि विद्यालयमा कुनै किसिमको शंकास्पद विद्यार्थी पढाईको बहानामा भर्ना हुन आउँदा प्रहरीमा जानकारी गराउन, स्थानीय तहलाई विदेशी नागरिक कानुनविपरीत प्रवेश गर्नसक्ने विषयमा जनचेतनाका कार्यक्रम गर्न प्रशासनले आग्रह गरेको छ।

होटल व्यवसायीलाई बास बस्न आउने सम्पूर्ण आगन्तुकसँग परिचय खुल्ने कागजात लिएर मात्र बास बस्न दिने व्यवस्था मिलाउन, विदेशी धर्मको प्रचारप्रसार तथा धर्मविरोधी गतिविधि देखिए सूचना दिनका लागि राजनीतिक दल, नागरिक अगुवा, जनप्रतिनिधि, समाजसेवी र स्थानीयसँग आग्रह गरिएको छ। विदेशी नागरिकबाट हुनसक्ने कानुन विपरीतका गतिविधिबारे सूचना सम्प्रेषणका लागि सबैमा आग्रह गरिएको छ।

# गाडी दुर्घटना, सात जना घाइते

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा सवारी दुर्घटनामा ७ जना घाइते भएका छन्। रौतहटको माधवनरायण नगरपालिका -३ स्थित गौर चन्द्रनिगाहपुर सडक खण्डमा चन्द्रनिगाहपुरबाट गौरतर्फ जाँदै गरेको प्र २-०३-००१ ह १०७४ नम्बरको इ-रिक्सा र विपरीत दिशाबाट आउँदै गरेको बीआर ०६ जीजी ५४०४ नम्बरको पिकअप गाडी बुधवार दिउँसो एकआपसमा ठक्कर खाँदा ७ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक बिष्णुप्रदीप बस्यालले जानकारी दिए।




पिकअप चालक भारत बिहारको सीतामढी जिल्ला डुमरा बडहरवाका राम सेवक साहको छोरा ३१ बर्षिय सन्तोषकुमार साहलाई पक्राउ गरी कारबाहीका लागि इलाका प्रहरी कार्यालय गरुडा पठाइएको छ। दुबै सवारी साधन प्रहरी चौकी सुकदेवचोकको नियन्त्रणमा रहेको उनले बताए। दुर्घटनामा इ-रिक्सा चालक रौतहटको यमुनामाई गाउँपालिका -४ सरुअठाका ३४ बर्षिय जमसेद आलमको दुबै हात, दुबै खुट्टामा र टाउकोमा चोट लागेको छ। नेपाल तराई अस्पताल सुकदेवचोकमा उनीहरुको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

इ-रिक्सामा सवार सर्लाही बरहथवा -२ स्थित हजरिया टोलका नागेन्द्र बैठाको २७ वर्षीया श्रीमती रिंकु बैठा, उनको ५ वर्षीया छोरी अन्निय बैठा, ३ वर्षीया छोरा आयुष बैठा, डेढ बर्षिय छोरा रोमन बैठा र रौतहटको माधवनारायण नगरपालिका संखुअवाका दिनेश बैठाको २० बर्षिय छोरा रामविश्वास बैठा घाइते भएको र सवैको शिवदर्शन अस्पताल सुकदेवचोकमा उपचार भइरहेको प्रवक्ता बस्यालले बताए।

# अन्तर्राष्ट्रिय अपांगता दिवस मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम । "अपांगता समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन" मूल नारासहित जनकपुरधाममा ३४ औँ अन्तर्राष्ट्रिय अपांगता दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइएको छ।

अपांगता समाज जनकपुरधाम र नेपाल अपांग समाज मधेश प्रदेशको आयोजनामा भएको प्रभात फेरि कार्यक्रममा अपांगता भएका व्यक्तिहरू सहभागी रहनुभएको थियो । जनकपुरधामको बाह्र विघा रंगभूमि मैदानबाट बाजागाजासहित शुरु भएको प्रभात र्‍याली नगरको विभिन्न भागको परिक्रमा गरी जनकपुरधाम रेल्वे स्टेसनमा पुगेर सम्पन्न भएको थियो।

अष्ट्रेलियन एड, सिविएम ग्लोबल, वर्ल्ड भिजन सहितका संस्थाहरूको सहयोगमा भएको कार्यक्रममा अपांगता भएकाहरूलाई विभिन्न प्रकारका सहयोगी सामाग्रीहरू वितरण गरिएको छ। त्यस अवसरमा जनकपुरधामउपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले अपांगता भएकाहरूलाई ह्वील चीयर, ड्राई साइकल, वैशाखी तथा छडी वितरण गरेको थियो।

उक्त कार्यक्रममा साहभागीहरुले तीनै तहका सरकारले नयाँ संरचनाको निर्माण गर्दा अपांगतामैत्री संरचनाको निर्माण हुनुपर्ने र पुराना संरचनाहरूको मरम्मत वा पुर्ननिर्माण गर्दा अपांगमैत्री बनाउनुपर्ने धारणा राखे। कार्यक्रममा बोल्दै जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले अपांगता भएकाहरूको वर्गीकरण तथा परिचयपत्र वितरणमा गर्ने काम गर्दै आएको तर ठोस काम गर्न नसकेको स्वीकार गरे।

उक्त कार्यक्रममा आयोजित हाजिरी जवाफ प्रतियोगितामा विजयीहरूलाई पुरस्कृत गरिएको थियो । अपांग समाज जनकपुरधामका अध्यक्ष शत्रुधनलाल कर्णको अध्यक्षतामा भएको सो कार्यक्रममा समाजका प्रदेश अध्यक्ष किरण पासवानले मधेश प्रदेशमा ९० हजार ४ सय अपांगता भएका व्यक्तिमध्ये ४१ प्रतिशत महिला र ५९ प्रतिशत पुरुष रहेको जानकारी दिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८